# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३५३ | काठमाडौं | शुक्रबार, ०५ वैशाख २०८२ | Prabhab National Daily | Friday, April 18, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं**


- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रूपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सत्ता धरापमा परेपछि कांग्रेसलाई गभर्नर दिन ओली तयार

■ प्रभाव संवाददाता





- माओवादी अध्यक्ष पुष्पकमल दाहालले नयाँ वर्ष लागेसँगै सरकार परिवर्तन हुने दाबी गरेसँग एमालेमा संशय
- दाहालको दाबीपछि कांग्रेस सभापति शेरबहादुर देउवाद्धारा लगातार बैठक तथा परामर्श
- गभर्नरका कारण पद नै धरापमा परेपछि प्रधानमन्त्री केपी शर्मा ओली लचक

**काठमाडौं–** सत्ता नै धरमरमा परेपछि प्रधानमन्त्री केपी शर्मा ओली भागबण्डाको आधारमा गभर्नर पद कांग्रेसलाई छाड्न तयार भएका छन् । यसअघि एमाले अध्यक्षसमेत रहेका ओलीले गभर्नर कांग्रेसलाई नदिने लिएका थिए ।

नेपाल विद्युत प्राधिकरणलगायत विभिन्न ठाउँका प्रमुख नियुक्तीमा एमालेले आफूनिकटकालाई नियुक्त गरेपछि कांग्रेस रुष्ट बनेको थियो । यसपछि कांग्रेस योजनाबद्ध रूपमा विपक्षी दलका नेता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग नजिकिएका थिए । माओवादी अध्यक्ष दाहालले नयाँ वर्ष लागेसँगै सरकार परिवर्तन हुने बताएसँग एमालेमा संशयसमेत छायो । जसरकारण ओलीले नयाँ वर्षकै दिन एमाले मुख्यालय च्यासलमा सचिवालय बैठक डाकेका थिए । उक्त बैठकबाट ओलीले माओवादी अध्यक्ष दाहाललाई चेतावनी र कांग्रेसलाई सचेत गराएको थियो ।

एमाले तर्सिएसँगै कांग्रेस सभापति शेरबहादुर देउवा भोलिपल्ट प्रधानमन्त्री ओली भेट्न बालुवाटार पुगेका थिए । गभर्नर पदमा एमालेले लगातार आफ्नो भाग खोजेपछि कांग्रेस महामन्त्री गगन थापाले बिचौलियाले प्रधानमन्त्रीको 'बेडरुम'सम्मै पहुँच बनाएको आरोप लगाएका थिए । त्यसपछि बुधबार उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बस्यो । जसमा संयन्त्रकै संयोजक रहेका कांग्रेस उपसभापति पूर्णबहादुर खड्का र कांग्रेस महामन्त्री थापा उपस्थित भएनन् । जसकारण सरकार झनै त्रसित बन्यो ।

गृहमन्त्री रमेश लेखकले छलफल राम्रै भएको र दुई दलबीच कुनै समस्या नरहेको दाबी गरे । त्यसैगरी उनले गभर्नर नियुक्तको विषयमा छनोट समितिले काम गरिरहेको छर्क गरे । 'प्रक्रिया अगाडि बढेको छ । सिफारिस समिति बनेको छ । सिफारिस समितिले छलफल गरेर प्रक्रिया अगाडि बढाउँछ । दलहरूका बीचमा समस्या हुनुपर्ने विषय नै हैन यो,' गभर्नर नियुक्तीमा विवादबारेको प्रश्नमा लेखकले भने ।

ओलीसँग गभर्नरबारे भइरहेको विषयमा छलफल गर्न देउवाले बिहीबार बिहान पदाधिकारी बैठक राखे । उक्त बैठकमा अधिकांश नेताहरूले गभर्नर पद छाड्न नहुने तर्क पेश गरेका थिए । 'हामीले गभर्नर आफ्नै हुनुपर्छ भनेर कुरा राख्यौ, अधिकांशले यही विषयमा जोड दिएका थिए,' बैठकपछि कांग्रेसका एक पदाधिकारीले भने ।

त्यसपछि देउवाले गभर्नरमा नियुक्तीका लागि कांग्रेसबाट पठाउने व्यक्तिको नाम दिन प्रधानमन्त्री ओलीले भनिसकेको जवाफ दिए । गभर्नरका लागि गुणाकर भट्टको नाम दिइसकेको जनाउसमेत देउवाले बैठकमा दिएको एक पदाधिकारीले बताए । देउवाले गभर्नरका लागि सिफारिस गरेका भट्ट कांग्रेस प्रवक्ता डा प्रकाशशरण अर्थमन्त्री हुँदा उनका सल्लाहकार थिए । अमेरिकाबाट अर्थशास्त्रमा पिएचडी गरेका भट्ट हाल राष्ट्र बैंकका आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक हुन् ।

भट्टको नाममा सहमति जुटेमा उनको नाम छनोट समितिले पठाउनुपर्ने हुन्छ । चैत ११ गतेको मन्त्रिपरिषद्ले उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको नेतृत्वमा तीन सदस्यीय गभर्नर छनोट समिति गठन गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

# हिरासत पुगेका रवीन्द्र मिश्र र धवललाई कारबाही गर्ने लिङ्देनको तयारी

- राष्ट्रवादी विचार भएका दल, अभियान, समूहले गर्ने कार्यक्रमलाई पार्टीले सहयोग गर्ने तर त्यस्ता दल अभियान वा समूहको समितिमा रहेर कार्य गरेको पाइएमा स्वतः पदमा नरहने केन्द्रीय कार्यसम्पादन समितिको यस पूर्वको निर्णय सबै कार्यसमितिलाई जानकारी गराउने
- यो निर्णय वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवल शम्शेर जबरालाई कारबाही गर्न गरिएको धलवनिकटको दाबी





■ जेबी योञ्जन

**काठमाडौं–** राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले तीनकुने हिंसापछि पक्राउ परेर हिरासतमा रहेका राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री डा. धवल शम्शेर जबरा र नजरबन्दमा रहेका नेता नवराज सुवेदीलाई कारबाही गर्ने तयारी गरेका छन् । लिङ्देनकै अध्यक्षतामा बुधबार बसेको कार्यसम्पादन समितिको बैठकले कारबाही गर्नेगरिको निर्णय गरेको हो ।

पार्टी प्रवक्ता मोहन श्रेष्ठले जारी गरेको विज्ञप्तिको छैटौं नम्बरमा भनिएको छ, 'राष्ट्रवादी विचार भएका दल, अभियान, समूहले गर्ने कार्यक्रमलाई पार्टीले सहयोग गर्ने तर त्यस्ता दल अभियान वा समूहको समितिमा रहेर कार्य गरेको पाइएमा स्वतः पदमा नरहने केन्द्रीय कार्यसम्पादन समितिको यस पूर्वको निर्णय सबै कार्यसमितिलाई जानकारी गराउने ।'

सुवेदी नजरबन्दमा परेपछि राजावादीहरूले गठन गरेको संयुक्त जनआन्दोलन समितिको कार्यवाहक संयोजक जगमान गुरुङ छन् । यो समितिको यसअघि सुवेदी संयोजक थिए । समितिको सदस्यसचिव राप्रपा वरिष्ठ उपाध्यक्ष मिश्र र आन्दोलन परिचालन समिति संयोजक महामन्त्री धवल थिए । समितिमै राप्रपाका दुई पूर्वअध्यक्ष पशुपति शम्शेर जबरा र डा. प्रकाशचन्द्र लोहनी छन् । नेता हरिबहादुर बस्नेत पनि समितिमै छन् । लिङ्देनको अध्यक्षतामा बुधबार बसेको कार्यसम्पादन समिति बैठकले गरेको निर्णय यी सबै नेताप्रति आकर्षित हुने देखिएको छ ।

धवलनिकट कार्यसम्पादन समिति सदस्यले स्वतः पदमा नरहने भन्ने निर्णय पार्टी विधानविपरीत रहेको बताए । पार्टीको गत एकता महाधिवेशनबाट पारित विधानको मस्यौदा निर्माणमा क्रियाशील ती नेताले पार्टी बैठकको निर्णयको विरोध गर्दै भने, 'विद्यानमा केन्द्रीय समितिमा कसैलाई अनुशासनको कारबाही गर्नुपरे प्रस्ताव अध्यक्षले पेस गर्नुपर्छ । कारबाही गर्नुपर्ने भए केन्द्रीय समितिले अनुशासन समितिमा प्रस्ताव पठाउँछ । समितिले छानबिन गर्छ । कारबाही गर्नुपरे गर्छ, नभए गर्दैन । तर, स्वतः कारबाहीको विषय विधानमा छैन । त्यो विधानविपरीत छ ।'

अध्यक्ष लिङ्देनले मिश्र, जबरासहितका नेताहरूलाई कारबाही गर्नेगरी अघि बढेपछि उनको आलोचना भएको छ । कारबाही गरिए पार्टी अराजकतातिर जाने र पार्टीको आन्तरिक प्रजातन्त्र कमजोर हुने दाबी पनि गरे ।

गत चैतको दोस्रो साता बसेको पार्टीको मूल आन्दोलन परिचालन समितिको बैठकले सर्वसम्मत रूपमा १५ चैतको तीनकुने प्रदर्शनलाई समर्थन गर्दै त्यहाँ जाने निर्णय गरेको थियो । निर्णय भएको लिङ्देनकै अध्यक्षतामा बसेको बैठकबाट हो । सोही निर्णयको आधारमा राप्रपाका नेता कार्यकर्ताहरू तीनकुने प्रदर्शनमा सहभागी भएका थिए । बैठकमा त्यसबेला मिश्र, जबरालगायत नेताहरू सुवेदी संयोजक रहेको संयुक्त जनआन्दोलन समितिमा रहे के हुन्छ ? कुनै निर्णय गरिएको थिएन ।

तर, यस्तो निर्णयपछि अध्यक्ष लिङ्देनको पार्टीकै नेता कार्यकर्ताहरूले आलोचना गरिरहेका छन् । मिश्र र राणा १५ चैतदेखि हिरासतमा छन् ।

क्रमशः पृष्ठ २ मा

## राप्रपाले रोज्यो आन्दोलन


राप्रपाले राजसंस्था, हिन्दुराष्ट्र, प्रदेश खारेजी र भ्रष्टाचार अन्त्यका लागि समर्थन जुटाउन सबै पक्षसँग छलफल र अन्तरक्रिया गर्ने राप्रपाको निर्णय छ । काठमाडौं उपत्यकाको सबै वडामा आन्दोलनको तयारी गर्ने, त्यसका लागि समन्वय गर्न केन्द्रीय र प्रदेश तहका नेताहरूलाई खटाउने भएको छ । आन्दोलनसम्बन्धी विषयमा योजना बनाउन तथा तत्काल आवश्यक निर्णय लिनु परेमा पार्टी अध्यक्षको संयोजकत्वमा पूर्वअध्यक्षहरू र उपाध्यक्षहरू रहेको समितिलाई जिम्मेवारी दिने निर्णय गरेको छ । आन्दोलनको कार्यक्रमसँगै जिल्ला अधिवेशन पनि गर्ने निर्णय राप्रपाको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# इजरायल जान धमाधम करार सम्झौता

## प्रतिबन्ध खुलेपछि जिटुजीमार्फत झण्डै साढे चार नेपाली पुगे इजरायल

■ ममता थापा



**काठमाडौं–** युद्धका कारण बन्द भएको इजरायलले रोजगारी खोलेपछि झण्डै ४३९ जना नेपाली श्रमिक त्यहाँ पुगेका छन् । दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयरगिभर)का लागि उनीहरू जिटुजी प्रणालीमार्फत इजरायल पुगेका हुन् । सरकारले युद्धग्रस्त इजरायलमा कामदार पठाउन लगाएको प्रतिबन्ध हटाउँदै गत वर्षको असार ११ गते रोजगारीका लागि आवेदन आह्वान गरेको थियो । त्यसयता त्यहाँ नेपाली कामदारहरू जाने क्रमले निरन्तरता पाएको वैदेशिक रोजगार विभागको तथ्यांकमा देखिन्छ ।

विभागका अनुसार हाल इजरायल जान सम्पूर्ण तयारी पूरा गरेकाहरूको धमाधम करार सम्झौता आइरहेको छ । गत फागुनमा २५० जनाको भिसा स्वीकृत भएको थियो । वर्षको अन्तिम महिना चैतमा पनि करिब १९० जनाको भिसा आएको विभागले जनाएको छ । चैत ५ गते ९० जना र चैत २८ गते ९९ जनाको भिसा आएको हो ।

गत वर्ष असार ११ गते खुलेको आवेदनबाट छनोट भएकामध्ये माघ १५ गते पहिलोचोटि २४ जनाले सम्बन्धित रोजगारदाताबाट करार सम्झौता प्राप्त गरेका थिए । त्यसयता विभागमा सम्झौता आउनेक्रमले निरन्तरता पाएको छ । पहिलो चरणमा ९१९ जनाको करार सम्झौता आउने जनाइएको छ । दुई महिनामै आधाभन्दा बढी अर्थात् ५५ प्रतिशतको करार सम्झौता आइसकेको छ । यस अवस्थामा बाँकीलाई पनि यो वर्षको केही महिनाभित्र लगिसक्ने विभागका अधिकारीहरू बताउँछन् । यद्यपि, त्यहाँका रोजगारदाताको आवश्यकताअनुसार सम्झौता प्राप्त हुने भएकाले कति समयभित्र कामदार लगिसक्ने भन्नेचाहिँ टुंगो नहुने विभागअन्तर्गतको इजरायल शाखाका निर्देशक गिरिराज ज्ञवालीको भनाइ छ ।

असारमा केयरगिभरका लागि आवेदन आह्वान भएपछि चार हजार २४ जनाले अनलाइन फाराम भरेका थिए । तीमध्ये तीन हजार ४६१ वटा आवेदन स्वीकृत भएको थियो । आवेदन स्वीकृत भएकामध्यबाट दुई हजार ११२ जनालाई चिट्ठा (लट्री'बाट छनोट गरिएको विभागले जनाएको छ । छनोट भएका एक हजार जनाको स्वास्थ्य परीक्षण (मेडिकल) मा ९२३ जना उत्तीर्ण भए । उनीहरूमध्ये चार जना पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अनुपस्थित भएकाले पहिलो चरणमा ९१९ जनाको करार सम्झौता आउने विभागले जानकारी दिएको छ ।

अभिमुखीकरण लिएर बसेकाहरूको सम्झौता आइसकेपछि लट्रीमा नपरेकाहरूलाई पनि लग्न सक्ने इजरायल शाखाका निर्देशक ज्ञवालीले बताए । 'यसअघि चिट्ठामा फालिएकाहरूलाई पनि लगेको छ । यसपटक पनि लट्रीबाट छनोट भएकाहरूलाई लग्न सक्छ,' उनले प्रभावसँग भने ।

सन् २०२३ अक्टोबरमा हमास र इजरायलबीच युद्ध सुरु भएपछि 'लर्न एण्ड अर्न' कार्यक्रममा गएका १० नेपाली विद्यार्थीको ज्यान गएको थियो । त्यसपछि केही समयका लागि इजरायलमा श्रमिक पठाउने प्रक्रिया बन्द थियो । यद्यपि, प्रतिबन्धको अवधिमा पनि व्यक्तिगत श्रम स्वीकृति लिएर र श्रम स्वीकृति नवीकरण गरेर इजरायल जाने क्रम कायमै रह्यो । चालु आर्थिक वर्षको साउनमा २८, भदौमा २६, असोजमा ३७, कात्तिकमा १११, मंसिरमा ९०, पुसमा ४७, माघमा ४६, र फागुनमा ३० जना पुनःश्रम स्वीकृति लिएर इजरायल गएका विभागको तथ्यांक छ ।

व्यक्तिगत श्रम स्वीकृति लिएर जानेहरूको संख्या भने न्यून छ । गत साउनमा ११, भदौमा छ, असोजमा दुई, कात्तिकमा एक, मंसिरमा ए र फागुनमा एक जना व्यक्तिगत श्रम स्वीकृति लिएर इजरायल गएका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर एक हजार पाँचजना इजरायल गएका थिए ।

क्रमशः पृष्ठ २ मा


**जनहितमा जारी सन्देश**

**हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं**

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# रवि थुनिएपछि सऱ्यो रास्वपाको महाधिवेशन

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले महाधिवेशनको अर्को मिति तय गरेको छ । रास्वपाले यही वैशाखमा महाधिवेशन गर्ने भनेपनि पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय समितिको बैठकले आगामी फागुन ७, ८ र ९ गते चितवनमा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिए ।

रास्वपा सभापति रवि लामिछाने सहकारीको रकम हिनामिना प्रकरणमा चैत २२ गते पक्राउ परेसँगै महाधिवेशन सरेको हो । उच्च अदालत तुलसीपुरको बुटवल इजलासले सहकारी ठगीमा लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश जारी गरेसँगै लामिछाने पक्राउ परेका हुन् । झाका अनुसार बैठकले विसं २०८२ असोजसम्म वडा अधिवेशन, कात्तिकसम्ममा पालिका अधिवेशन, मंसिरसम्म जिल्ला अधिवेशन, माघ १५ सम्ममा प्रदेश अधिवेशन सम्पन्न गरिसक्नुपर्ने निर्णय गरेको छ । केन्द्रीय समिति बैठकले पार्टीको संसदीय दलको उपनेता विराजभक्त श्रेष्ठको संयोजकत्वमा गठित पार्टीको 'जन-यात्रा अभियान' को कार्यविधि सर्वसम्मतले पारित गरेको कार्यवाहक प्रवक्ता झाले बताए । बैठकबाट प्रादेशिक कमिटीहरूलाई अझै सशक्त बनाउँदै जिल्ला कमिटीहरूलाई सक्रिय बनाउन प्रदेश इन्चार्ज तोकेको छ ।

जसअनुसार कोशी प्रदेशमा सन्तोष परियार, मधेसमा मनिष झा, बागमतीमा लिमा अधिकारी, गण्डकीमा शिशिर खनाल, लुम्बिनीमा विपिन कुमार आचार्य, कर्णालीमा गणेश पराजुली र सुदूरपश्चिममा हरि ढकाललाई इन्चार्ज तोकिएको छ । बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डा स्वर्णिम वाग्लेले पार्टीले बनाउँदै गरेको 'ब्लु प्रिन्ट' बारे खाका प्रस्तुत गरेका थिए । सोसम्बन्धी पूर्ण प्रतिवेदन आगामी असार ७ गते काठमाडौंमा हुने नीति सम्मेलनमा सार्वजनिक गरिने उनले बताए ।

### सहमहामन्त्रीबाट सुमनाले दिइन् राजीनामा

रास्वपाकी सहमहामन्त्री सुमना श्रेष्ठले पदबाट राजीनामा दिएकी छन् । जनताले पार्टीमाथि ठूलो आशा राखेको तर, पार्टीले डेलिभरी दिने क्षमता शून्य रहेको निष्कर्ष निकाल्दै उनले सहमहामन्त्रीबाट राजीनामा दिएकी हुन् ।

'एक व्यक्ति एक पद' को अवधारणा लागू गर्न सह-महामन्त्री छोडेको बताएपनि दलको प्रस्तुति सोचेजस्तो नपाएको बताएकी छन् । उनले लेखेकी छन्, 'जसरी एक नयाँ पार्टीलाई अघिल्लो निर्वाचनमा अभूतपूर्व जनमत मिल्यो त्यसबाट जनताले देशलाई बेथितिबाट बाहिर निकाल्छ भनेर हामीमाथि ठूलो आशा राखेको स्पष्ट छ । मैले हालसालै गरेको देश यात्रामा पनि त्यो आशा बाँकी रहेको पाएँ, तर दलको प्रस्तुति सोचेजस्तो सशक्त नभएको गुनासोसँग मिश्रित । पुराना दलले लगाइदिएको सहकारी ठगीको लेबल चिर्न हामीले प्रतिसोध साँधेको नारा मात्र अघि बढायौं ।'

# वैशाख १८ र १९ मा प्रदेश लगानी सम्मेलन हुने

**मोरङ (प्रस)–** कोशी प्रदेश सरकारले यही वैशाख १८ र १९ गते लगानी सम्मेलन आयोजना गर्ने भएको छ । विराटनगरमा हुने सम्मेलनको तयारी पूरा भएको जानकारी दिइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार यहाँ पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो । सम्मेलनमा पर्यटन, उद्योग, सूचना प्रविधि, कृषि, जलविद्युत्, पूर्वाधार निर्माणलगायत आठ क्षेत्रका ५४ योजनामा स्वदेशी, निजी क्षेत्र, गैरआवासीय नेपाली एवं प्रत्यक्ष वैदेशिक लगानीका एक खर्ब ३९ अर्ब ३० करोड ५२ लाख रूपैयाँका विभिन्न परियोजनामा प्रतिबद्धता आउने विश्वास गरिएको छ ।

सम्मेलनले प्रदेशमा औद्योगिक वातावरण निर्माण गर्दै रोजगारी सिर्जना गर्न र व्यावसायिक क्षेत्रमा उत्साह प्रदान गर्ने विश्वास गरिएको छ । सम्मेलनबाट कोशी प्रदेश प्रमुख लगानीको गन्तव्यस्थलका रूपमा परिचित र स्थापित हुने अपेक्षा गरिनुका साथै प्रदेशको दोस्रो आवधिक योजनाले आर्थिक विकासमा लिएका लक्ष्य पूरा गर्दै 'स्वच्छ, सुखी र समुन्नत प्रदेश'को दीर्घकालीन सोच हासिल गर्न प्रत्यक्ष रूपमा सहयोग पुग्ने प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताए ।

सम्मेलनले प्रदेशको औद्योगिकीकरण र रोजगारी सिर्जनामा महत्त्वपूर्ण उपलब्धि हासिल हुने उनको भनाइ छ । उनले प्रदेशमा पुँजी निर्माणका लागि सम्मेलन आयोजना गरेको बताए । यसमा निजी क्षेत्र, गैरआवासीय नेपाली र वैदेशिक लगानी भित्र्याउनु मुख्य उद्देश्य रहेको उनले उल्लेख गरे ।

मुख्यमन्त्री कार्कीले प्रदेशमा औद्योगिकीकरणका लागि आवश्यक जग्गा लिजमा दिन, विद्युत् महसुल अनुदान दिने आवश्यक कानुन निर्माण गरी कोषको स्थापना गर्ने जानकारी दिए । उनले विगतको अनुभवका आधारमा भोलि कार्यान्वयनमा जाने योजनामा सम्झौता गरिने जानकारी दिँदै प्रदेशमा उद्योग स्थापनाका लागि एकद्वार प्रणालीमार्फत सहजताका लागि आवश्यक कानुन निर्माण र संशोधन गरिने बताए ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले लगानीकर्ताहरूलाई सहज वातावरण सिर्जना गर्न प्रदेश सरकार अध्यादेशमार्फत कानुन संशोधन गरी नीतिगत व्यवस्था गर्ने बताए । लगानी सम्मेलनका संयोजक एवं प्रदेशका सचिव पवनकुमार तिमिल्सिना र प्रदेश लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाले प्रदेशमा सार्वजनिक, निजी र साझेदारीअन्तर्गतका परियोजनालाई कार्यान्वयनका लागि सरलीकृत वातावरण निर्माण गर्न कानुन, नीतिगत सुधार र प्रशासनिक सहजता प्रदान गरिने बताए ।


**कम्पनी बन्द हुने सम्बन्धमा ३५ दिने सूचना**

श्री कारोबार सम्बन्धित सबै सरोकारवालाहरूमा,
यस **न्यु योर्क ग्लोबल कन्सल्ट्यान्ट्स प्रा.लि.**, दर्ता नं. २९८५८१ कार्यालय ठेगाना काठमाडौँ, मिति २०८१/१०/२१ मा बसेको कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी स्वेच्छिक रूपमा बन्द प्रक्रिया अगाडि बढाइएको हुनाले सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र कुनै दाबी, आपत्ति वा बक्यौता विवरण भएमा कम्पनीको कार्यालयमा वा कम्पनी रजिस्ट्रारको कार्यालयमा लिखित रूपमा बुझाइदिनुहुन अनुरोध गरिन्छ अन्यथा सो समयावधि पछी प्रचलित कानून बमोजिम कम्पनी बन्द गर्ने प्रक्रिया अघि बढाइनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०५**

यस कम्पनीको मिति २०८१/०८/२६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लेकाली भोज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **पिकलो धुम्बाराही प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **पिकलो धुम्बाराही प्रा.लि.** (प्रा.लि.नं.२९८५२१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०१/०५ गते**

धोविनी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई आमचोक गा.पा. वडा नं. ९, दुम्माना, भोजपुरमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको ८०८.७१ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री धोविनी सामुदायिक वन उपभोक्ता समूह**
**आमचोक गाउँपालिका वडा नं. ९, दुम्माना, भोजपुर**
**सम्पर्क नं.** ९७४१८६०४४१ (अध्यक्ष), ९७४२८७९८४४ (कोषाध्यक्ष)

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**शहरी विकास तथा भवन कार्यालय सिन्धुली**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०१/०५**

यस कार्यालयबाट आब्हान भएको तपशिलका बोलपत्रहरु न्युनतम मूल्यांकित रुपमा सारभुतरुपमा प्रभावग्राही भएको हुदा उक्त बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं | योजनाको नाम | निर्माण व्यावसायीको नाम | कबुल रु भ्याट PS बाहेक |
|---|---|---|---|---|
| 1 | UDBOSIN-NCB-W-16-081-82 | बेलघारी ढुंग्रेफेदी सडक तिनपाटन, सिन्धुली | Tamang Marin Construction Pvt.Ltd. KNP-6,Sindhuli | 31288959.00 |
| 2 | UDBOSIN-NCB-W-23-081-82 | झालङ्गटार मन्दिरबाट उत्तरतर्फ जिघेखोला जाने बाटो स्तरोन्नति, तीनपाटन ३ सिन्धुली | Komhendo Dilliratna jv, Sindhuli | 6336031.30 |
| 3 | UDBOSIN-NCB-W-24-081-82 | वि.पि स्मृति भवन निर्माण तिनपाटन ११, सिन्धुली | Amar Construction Tinpatan-2,Sindhuli | 1723606.10 |
| 4 | UDBOSIN-NCB-W-25-081-82 | लक्ष्मीडाडा वडा कार्यलय सम्म सडक स्तरउत्रति सुनकोशी ४ सिन्धुली | Dinesh Nirman Sewa Manthali ,Ramechhap | 1914370.66 |
| 5 | UDBOSIN-NCB-W-26-081-82 | तल्लो धनसरी माझीटोल समुह घर निर्माण,दुधौली-११ | Penguin Construction and Suppliers Tinpatan-5,Sindhuli | 1533468.50 |
| 6 | UDBOSIN-NCB-W-27-081-82 | जल कन्या अधुरो स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न कनपा-३ सिन्धुली | Bamjan Nirman Sewa Kathmandu | 2552648.40 |
| 7 | UDBOSIN-NCB-W-28-081-82 | गुन्साल एकिकृत बस्ति भौतिक पुर्वाधार विकास निर्माण दोरम्बा-५ रामेछाप | Dinesh Nirman Sewa Manthali ,Ramechhap | 7163020.62 |

**कार्यालय प्रमुख**

**हरिनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हरिनगरा, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आसयको सूचना**

**प्रकाशित मितिः– २०८२/०१/०५**

प्रस्तुत विषयमा हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट राष्ट्रियस्तरको दैनिक पत्रिकामा २०८१/११/११ गते प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार देहायको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित भई सारभूतरुपमा प्रभावग्राही बोलपत्रका रुपमा छनौट भई स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | IFB NO. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | HRMGOODS/ C/NCB/02/2081-082 | Supply and delivery of medical equipments | Asian Traders, Biratnagar-7, Morang | २२,९५,०००/- (बाइस लाख पन्चानब्बे हजार मात्र) |

**Province Government**
**Ministry Of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Morang, Biratnagar**
**Koshi Province, Nepal**

**INVITATION FOR BID**

**Date of publication : 18th April, 2025 (2082/01/05)**

Urban Development and Building Office, Morang invites E-Bid From Eligible bidder's for following works under Sealed Quotation (SQ), Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp with Public EntityName:- UDBO,Morang and website http://udbomorang.p1.gov.np/

| S.N. | IFB/RFP/ EOI/PQ No. | Project Title | Estimated Amount in Rs. (Exclusive of VAT and Contingencies) | Bid Security fee (Rs.) | Remarks |
|---|---|---|---|---|---|
| 1 | UDBO/Morang/SQ/ Works/77-2081/82 | Construction of Community Building In Kali Durga Mandir Periferi,Debangunj-5,Sunsari | 12,85,431.51 | 37,500 | |
| 2 | UDBO/Morang/SQ/ Works/78-2081/82 | Construction of Incomplete Hanuman Temple . Dewangunj-02, Sunsari | 17,12,750.3 | 50,000 | |

**Last Date of Bid Submission for NCB: -** 04-May-2025, (2082/01/21) (Time 12:00PM)
**Last Date of Bid Opening for NCB: -** 04-May-2025, (2082/01/21) (Time 01:00 PM)
**Bid validity/Bid security Validity: -** 45 days/75 days after last date of bid submission.
**Bid document fee: -** Nrs. 1000

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y02 | N/A | CHINA | PCS | 7,250.00 | 8,275.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y03 | N/A | CHINA | PCS | 7,400.00 | 8,440.00 | |

बिक्रेताको फर्मको नाम: **Panchasorna Group Pvt. Ltd.** — स्थायी लेखा नं: **606749170**
ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** — फोन नं: **9801171012**

**River Falls Power Limited**
**रिभर फल्स पावर लिमिटेड**
Kathmandu, Nepal, Tel: +977-5902330, Email: riverfallshydropower@gmail.com
Web. www. riverfallshydro.com.np

**लकइन (Lock In) अवधि समाप्त हुने बारेको अत्यन्त जरूरी सूचना**

प्रथम पटक मिति २०८२/१/५ गते प्रकाशित

यस रिभर फल्स पावर लिमिटेडको शेयर स्थानीय बासिन्दाहरुको लागि मिति २०७८/१२/२७ गतेदेखि मिति २०७९/०१/११ गतेसम्म तथा सर्वसाधारण शेयर मिति २०७९/०१/२८ गतेदेखि मिति २०७९/०२/०४ गतेसम्म (कर्मचारी समेत) निष्कासन तथा बिक्री खुल्ला गरी साधारण शेयर मिति २०७९/०२/०९ गते बाँडफाँड गरिएको व्यहोरा अनुरोध छ ।

नेपाल धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को दफा ३८ (१) नियम बमोजिम यस कम्पनीको साधारण शेयर सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड गरिएको मिति (अर्थात मिति २०७९/०२/०९) ले तीन वर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनीहरुले धारण (Hold) गरेको शेयर साथै स्थानीय तथा कर्मचारीहरुलाई बाँडफाँड गरिएको शेयर लकइनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम तथा नेपाल धितोपत्र बोर्डको पत्र संख्या ८०/८१, च.नं. १५२३ मिति २०८०/०८/२५ को पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको संस्थापक, स्थानीय बासिन्दाहरु तथा कर्मचारीहरुको शेयरहरु लकइनमा राखिएको र उक्त शेयर मिति २०८२/०२/०८ गते समायावधिसम्म लकइन रहेको तथा सो पश्चात लकईन समाप्त हुने हुँदा नियामक निकायहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**संस्थापक शेयरधनी, स्थानीय बासिन्दा तथा कर्मचारीहरुको लकइनमा रहेको शेयर सम्बन्धी विवरण :**

| शेयरको विवरण | प्रारम्भिक लकईन शेयर कित्ता |
|---|---|
| संस्थापक शेयर संख्या | ३,५७०,००० |
| कर्मचारीहरुको शेयर संख्या | ५४,६०० |
| प्रभावित क्षेत्रका स्थानीयहरुको शेयर संख्या | ७,००,००० |
| **जम्मा शेयर संख्या** | **४,३२४,६००** |

***नोट :*** *संस्थापक शेयरधनीहरुमध्ये संचालक सदस्यमा रहने तथा कम्पनीको उच्च तहमा पदबहालीका कर्मचारीको हकमा आफू, परिवार वा सम्बन्धीत संस्था, सो कम्पनीमा हुदाँको बखत वा पदबाट हटे पश्चात एक बर्ष अवधिसम्म शेयर खरिद बिकी गर्न पाइने छैन ।*

**साउदीमा रोजगार**

**कम्पनी : BRIGHT CARE LAUNDRY**
पूर्व स्वीकृति मिति : २०८२/०१/०२ — LT. No. 322021 — चलानी नं. ६०२३६१०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundryman | 1 | 0 | 1200 | ४३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : GARDEN GRILL RESTAURANT TO SERVE MEALS**
पूर्व स्वीकृति मिति : २०८२/०१/०२ — LT. No. 322020 — चलानी नं. ६०२३६१०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 2 | 0 | 1200 | ४३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th April 2025) मा हुनेछ ।**

**कम्पनी : DAMMAM AL KHAIR CONTRACTING ESTABLISHMENT**
पूर्व स्वीकृति मिति : २०८२/०१/०४ — LT. No. 322065 — चलानी नं. ६०२३६१२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER WITH HAIB CRANE | 2 | 0 | 2500 | ९१,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १६ गते (29th April 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## गभर्नरमा खुलेआम राजनीति

देशको अर्थतन्त्र नियमन गर्ने प्रमुख संस्था हो राष्ट्र बैंक। अर्थतन्त्रको नाडी छाम्ने र भावी रणनीति बनाउने यो संस्थाको प्रमुख हुन् गभर्नर। गभर्नरले नोटमा हस्ताक्षरमात्र गर्दैनन् आफ्नो कार्यकालमा अर्थतन्त्रको अवस्थालाई कस्तो बनाउने भन्ने छापसमेत छाड्छन् । तर यस्तो संस्थाको प्रमुख पद नियुक्तीमा राजनीतिक दलले खुलेआम राजनीति गरेको देखियो। सत्तामा रहेको प्रमुख ठुला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेबीच यो पदका लागि हानथाप नै भयो। कतिसम्म भने यो पदका लागि कांग्रेस एमालेसँगको सरकार छाड्नसमेत तयार भयो।

हुन त एमाले पनि यस्तो कार्यमा कम छैन । भर्खर बिदा भएका गभर्नर महाप्रसाद अधिकारी एमालेकै कोटामा गभर्नर भएका हुन्। उनी यतिसम्म विवादमा तानिए कि, एमालेको आर्थिक विभागमा एम अधिकारी बनेर बसे। यही कारण अरु दलबाट अर्थमन्त्री हुँदा उनलाई दोष लगाउन सजिलो भएको पनि थियो।

नेपाली कांग्रेसका तर्फबाट अर्थमन्त्री हुँदा डा प्रकाशशरण महत र माओवादीबाट अर्थमन्त्री हुँदा वर्षमान पुनले अधिकारीलाई दोष लगाउन छाडेनन्। अर्थतन्त्रलाई ट्र्याकमा ल्याउनमात्र हैन, अर्थतन्त्रको सही सूचना दिएर राष्ट्र बैंकले देशका विकासका लागि सहयोग गर्नुपर्छ। तर भर्खर बिदा भएका गभर्नर अधिकारीले बिग्रेको अर्थतन्त्रलाई कहिल्यै सही सूचना दिएनन् । संकटग्रस्त अवस्थामा पुगेको अर्थतन्त्रलाई उनको रिपोर्टमा जहिल्यै सुधारोन्मुख भनेर लेखिन्थ्यो । जसकारण अहिले अर्थतन्त्र निकै खल्बलिएको छ।

दलहरूले अधिकारी प्रकरणबाटै सिक्नुपर्ने हो यो पदका लागि खुलेआम राजनीति गर्न हुन्न भनेर । सक्षम र स्वतन्त्र व्यक्तिलाई उक्त पद दिनुपर्नेमा तेरोमेरो भन्दै भागबण्डामा उत्रेर फेरि पनि दलहरूले गलत नजिर बसाएको छ। दलहरूको यही तालका कारण दिनानुदिन जनता आक्रोशित भएका हुन् । यस्तो भागबण्डाले भोलिका दिन कस्तो होला भनेर अहिले नै कल्पना गर्न सकिन्छ। त्यसै त राजनीतिक दलप्रति रुष्ट सर्वसाधारण यसरी एउटा पदका लागि हानथाप गरेको देख्दा कस्तो लाग्ला ? स्वभाविक रूपमा यो गलत छ। यस्तो विषयलाई निरुत्साहित गर्न दलहरूले सक्नुपर्थ्यो । तर 'आफ्नै हात जगन्नाथ' शैलीमा दलले आफ्नो बल देखाइरका छन् । यस्तै प्रवृत्ति दलले देखाइरहे अबका दिनमा 'नो नट अगेन' जस्ता आन्दोलनलाई थप बल मिल्दै जाने छ भने दलहरूको भविष्य विस्तारै मेटिँदै ।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# सुवर्णपुरी सभ्यता केन्द्र- पशुपतिनाथ, बौद्ध, चावहिल



■ पदम श्रेष्ठ

"पाशुपत क्षेत्रमा आकारमा बुद्ध र निराकारमा शिव एक हुन्, दुई होइनन् भन्ने तथ्यको ज्वलन्त प्रमाणका लागि प्रत्येक वर्ष मुखाष्टमी अर्थात् कार्तिक शुक्लअष्टमी दिन नाथलाई बुद्ध मुकुटको छायाँ दर्शन गराइन्छ भने पशुपतिनाथलाई शैव, बौद्ध, जैन, सिख, किरात, नागा, गणपदमात्र नभई नास्तिकहरूको पनि साझा धार्मिक तीर्थस्थल मानी भक्तिभाव दर्शाइन्छ । त्यसैले त पाशुपतक्षेत्रमा पूर्वीय सभ्यताको पहिचान, आस्था, संस्कार, संस्कृति पाइन्छ भनिएको हो ।

पशुपतिनाथ भनेको हिन्दूहरूको मात्र पवित्रस्थल र बौद्ध महाचैत्य भनेको संसारका बुद्धिष्टहरू मात्र दर्शन पुजनका लागि जाने धार्मिकस्थल हो भन्ने जुन एकल एकांकी र एकलव्य सोच थियो, त्यसमा सत्यता देखिएन । हालै नयाँ वर्षका दिन काठमाडौं महानगरपालिका-७ ले 'पशुपतिनाथ, बौद्ध, चावहिल' नामक बुकलेट सार्वजनिक गर्न आयोजित कार्यक्रमका वक्ताहरूले यी स्थलहरू फरक-फरक नभई सुवर्णपुरी सभ्यता केन्द्र रहेको तथ्य उजागर गरेका हुन्।

यी तथ्यहरूलाई उजागर गर्ने उद्देश्यले नै मैले बुकलेट तयार पारेको थिएँ। जुन बुकलेट सार्वजनिक गर्दै १०१ वर्षीय शताब्दी पुरुष डा.गौरीशंकरप्रसाद लाल दासले धार्मिक पहिचान आपसी सद्भावका लागि हुनुपर्नेमा जोड दिए । यस आलेखमा उक्त बुकलेटमा समेटिएका मुख्य विषयहरूको सारांश प्रस्तुत गरिएको छ।

### हजार शिवलिंगले घेरिएको पाशुपत क्षेत्र

हिन्दूस्थानका चार धाम काँशी, जगन्नाथ, केदार, रामेश्वरम र १२ ज्योतिर्लिंग र नेपालका ६४ ज्योतिर्लिंगको शिरधाम मानिन्छ। विश्व सम्पदा सूचीकृत २६४ (५५३४ रोपनी) हेक्टरमा फैलिएको पशुपतिनाथ क्षेत्रभित्र ४९२ मठमन्दिर, बिहार, चैत्य, गुरुद्वारलगायत विविध धार्मिक सम्पदा रहेको पुरातत्त्व विभागको दस्तावेजमा उल्लेख छ। नौ ग्रह संयोजित गोपाल तथा किरातकालीन बस्ती हो, ग्वल देवपटन अर्थात् पशुपतिनाथ, गुहचेश्वरी क्षेत्र ।

राजा वृषदेवकालीन सम्वत् १०७ महाराज जयवर्मन उल्लिखित ढुंगेमूर्ति प्राचीन शिलालेख मानिन्छ पाशुपत क्षेत्रको । आजभन्दा १५०० वर्ष अगाडि राजा शिवदेव वर्माले नौ ढोका, नौ डबली, नौ अजिमा पीठ, नौ जातका नेवार, नौ चोक, नौ कुण्ड संयोजन गरी बसाइएको हुँदा नेपाल भाषामा ग्वल भनिएको हो। महासामन्त अंशुवर्माले देवपतनमा दरबार सारेपछि प्राचीन पाशुपत भूमिलाई व्यवस्थापन गरिएको भनाइ रहेको छ । सो दरबारमा ने.सं. ३७४ मा राजा जयदेव, ने.सं. ४४० मा राजा अरिदेव द्वितीय, ने.सं. ९६६ मा राजा जयप्रकाश मल्ल, राजा नरेन्द्रप्रकाश मल्लसम्मलाई यही राजा घोषणा गरिएको भन्नुले पनि देवपटन ग्वल क्षेत्रमा नै प्राचीन दरबार रहेको प्रमाणित हुन्छ । ने.सं. ८३६ मा राजा भास्कर मल्लको राज्यकालमा काठमाडौं लायकू कुमारीको अचानक मृत्युहुँदा देवपतनकी कुमारीलाई बसन्तपुर गद्दीमा विराजमान गराइएको भन्नुले पशुपतिनाथको पवित्रभूमि आदिकाल देखिनै विकसित बस्तीको रूपमा रहेको खुल्दछ।

तर गणतन्त्रकालमा देवपतनको नौ कवलमध्ये मृत्युञ्जय कवलका ११९ घर जात्रा पर्व गुथिसँग सम्बन्धित नेवारहरूलाई स्थानान्तर गरी उमाकुण्ड र सितु क्षेत्रमा सारिएको थियो । 'हिस्ट्री अफ नेपाल, क्याब्रिज युनिभर्सिटी'को पृष्ठ ११३ मा लेखिएको छ- किरातवंशको पतनपछि पाँचौं सोमवंशी राजा भाष्कर वर्माले पशुपति त्रैलोक्यवंशरी बुद्ध विहारको छानामा सुनको जलप लगाई सुवर्णपुरी नाम राखेका थिए, भनिएको छ । भाष्कर वर्मापछि राजा पशुप्रेक्ष्यदेवले विश्व प्राणी जगत पशु हो र पशुका मालिक पशुपतिनाथ नामाकरण गराएको विश्वास गरिन्छ।

पाशुपत क्षेत्रमा आकारमा बुद्ध र निराकारमा शिव एक हुन्, दुई होइनन् भन्ने तथ्यको ज्वलन्त प्रमाणका लागि प्रत्येक वर्ष मुखाष्टमी अर्थात् कार्तिक शुक्लअष्टमी दिन नाथलाई बुद्ध मुकुटको छायाँ दर्शन गराइन्छ भने पशुपतिनाथलाई शैव, बौद्ध, जैन, सिख, किरात, नागा, गणपदमात्र नभई नास्तिकहरूको पनि साझा धार्मिक तीर्थस्थल मानी भक्तिभाव दर्शाइन्छ । त्यसैले त पाशुपतक्षेत्रमा पूर्वीय सभ्यताको पहिचान, आस्था, संस्कार, संस्कृति पाइन्छ भनिएको हो।

### गुहेश्वरी

आकाशरूपी पिता शिव परमात्मा पशुपतिनाथको दर्शनमा वीजस्वरूप सेतो चन्दन प्राप्त गर्दछौं भने पृथ्वीमाता पार्वती गुहचेश्वरीको प्रसाद रजरूपी रातो टीका प्राप्त गर्दछौं। तान्त्रिक पद्धतिमा पुजित मातृशक्ति गुहचेश्वरी ने.सं. ७७३ मा राजा प्रताप मल्लले बालाजुस्थित पुरानो गुहचेश्वरी साधना गरी स्थापना गराएको बताइन्छ । मातृसत्तात्मक समुदायका लागि गुहचेश्वरी नै पहिलो पुजित आस्थाकी देवी हुन् । त्यसैले शाक्तहरू विवाह, ब्रतबन्ध वा कर्मकाण्डका लागि गुहचेश्वरीमा नै पुग्ने परम्परा रहेको हो। कलात्मकताको हिसावबाट गुहचेश्वरी आकर्षक एक तले स्वरूपमा छ।

मन्दिर स्थापनाका सम्बन्धमा एक अलौकिक आख्यान जडिएको पाइन्छ, आख्यानुसार एक जना तेल बेच्दै हिँड्ने मानन्धर व्यापरीले व्यापार गर्दै हिँड्दा थाकेपछि सधैं हालको गुहचेश्वरी रहेको स्थानको रुखमुनि भुसुक्कै निदाउँथे रे । निदाउँदा एकपल्ट ती तेलीलाई देवीले सपनामा आफू बालाजुस्थित गुहचेश्वरी जमिनमुनी रहेकोले उत्खनन् गर्न भनिछन् देवीको आग्रहलाई राजासमक्ष पुऱ्याउँदा तन्त्रज्ञानी राजा प्रताप मल्लले ध्यानदृष्टिले हेर्दा तथ्य कुरा थाहा पाएर सोही ठाउँमा देवी स्थापना गरिएको भन्ने छ।

### किरातेश्वर

प्राचीन किरातेश्वर महादेवको शिलाको विशाल शिवमूति गौरीघाट नजिक डाँडामाथि अवस्थित रहेको छ। एक कथनअनुसार भगवान् शिव किराती भेषमा पाशुपतक्षेत्रमा विचरण गरेर हिँड्दा कैलाशमा पार्वतीलाई महादेव हराएकोमा ठूलो चिन्ता परेछ र पार्वती पनि वर्तमानको गौरीघाटमा बसेर ध्यान गरी हेर्दा शिवलाई किराती भेषमा देखि आफू पनि किरातिनीको भेषमा विचरण गर्दै जाँदा किराती भेषमा समागमन भएको पवित्रस्थल किरातेश्वर नाउँबाट प्रख्यात भएको कथन छ । जहाँको शिवस्थलमा भजन किर्तन भक्तिसंगीत हुने गरेको पाइन्छ।

### विश्वरूप र गोरखनाथ

पशुपति र गुहचेश्वरीबीच मृगस्थली स्लेषमान्तक वनमा विश्वरूप र नाथ सम्प्रदायको गोरखनाथ शिखर शैलीको प्रख्यात देवस्थलहरू छन्। त्यसैगरी गुम्बजशैलीमा ठडिएको विश्वरूप ने.सं.९६६ देखि १०० वर्ष लगाएर निर्माण भएको भन्ने भनाइ रहेको छ । १५.८० वर्ग स्क्वायर मिटर आधार ३२ मिटर उचाइ तीनतले गुम्बजाकार विश्वरूप मन्दिरमा १३ वटा गजुरसहित चार मिटरभन्दा अग्ला अर्धनारेश्वरका मूर्तिहरू छन्। त्यसैगरी, योगी नरहरिनाथलाई दफनाएको पवित्रस्थान शिखरशैली मन्दिर मल्लकालमा निर्मित भएको खुल्दछ। भनिन्छ, आसामबाट मच्छिन्द्रनाथ नेपाल ल्याउँदा यही मठमा नागआसन बसेका थिए । जब गुरु मच्छिन्द्रनाथलाई देखे गुरु गोरखनाथले सम्मानका लागि आसनबाट उठिदिँदा नाग आसन सबै खुला भई वर्षा भई देशमा सहकाल प्रारम्भ भएको विश्वास गरिन्छ।

### मच्छिन्द्र गणेश र जयवागेश्वरी

पाटनको रातो मच्छिन्द्रनाथको जात्राअघि देवपतनको मच्छिन्द्र गणेशलाई पूजा गर्नुपर्ने विधान रहेको छ । पशुपतिनाथको पश्चिम गेट प्रवेश गर्ने बाटोकै छेउ प्रतिस्थापित गणेश मन्दिरबाट बाटोको पारिपट्टी तीनतले प्यागोडाशैलीको धातुछाने जयवागेश्वरी मन्दिर रहेको छ । पाशुपतक्षेत्रका पुज्यपीठमध्ये सर्वाधिक प्रतिष्ठित जयवागेश्वरी मन्दिर पनि शिवपुरीस्थित बागद्धारमातालाई याहाँ अष्ठमातृकाको रूपमा सारिएको भन्ने कथन छ । वागेश्वरीलाई बाघको छाला धारण गरेका शिवस्वरूप भैरवकी आधशक्ति पार्वतीका अनेक पहिचानमध्ये एक देवीका रूपमा पनि पुज्ने गर्दै आइरहेको पाइन्छ। त्यसैले सतीप्रथाको बेला लोग्नेको मृत्युमा सती जाने महिलाहरूले आफ्ना गरगहना सबै उनै देवी जयवागेश्वरीमा समर्पित गर्दै चढाउँथे भन्ने छ। त्यसैले देवीको ढुकुटीमा पशुपतिमाभन्दा बढी गहना सम्पत्ति जम्मा रहेको छ। एक अर्को भनाइअनुसार जयवागेश्वरीलाई राजा धर्मदेवले शिवपुरीबाट नभई तिब्बतको मानसरोबरबाट साँखु शालीनदीहुँदै पशुपतिमा स्थापित गरिएको हो।

### राजराजेश्वरी तलेजु

पाशुपतका पीठहरूमा बज्रेश्वरी, कोटेश्वरी, झम्केश्वरी, भुवनेश्वरी, मंगलेश्वरी, जयवागेश्वरी, राजराजेश्वरीका आख्यान छन् । भनिन्छ, राजा रणबहादुर शाहको मृत्युमा उनका धेरै रानीहरूमध्ये तामाङनी रानी राजराजेश्वरी सती जान मानिनछन्। तर, जल्लादरुपि तत्कालीन राणा शासक र समाजले उनलाई जीवितै काठको चिर्पटले कञ्चटमा हानी हत्यागरी जलाइदिए छन्। उनैको स्मरणमा घाटको नाम राजराजेश्वरी राखिएको भनाइ छ । जहाँ आदिकालदेखि नै प्रत्येक वर्ष भक्तपुरबाट नवदुर्गा ल्याएर गणनृत्य गराउनुपर्ने परम्परा पाइन्छ।

### बौद्ध महाचैत्य

बौद्धनाथ महाचैत्य ३६ मिटर उचाइको राहेको छ। उत्तर घ्याङगुठी र बालरक्षक अजिमाँको मन्दिर रहेको छ । सूचना विभागका अनुसार, २० मिटर उचाइसहितको तीन मण्डलाकार प्रदक्षिणा छ। भऱ्याङको उत्तर मन्दिरका संरक्षक हात्तीचढेकी बज्रपाणी र खड्गपाणीका दुई मूर्ति छन् भने चारैतिर छ वटा साना चैत्यहरू र १८० देवताका मूर्ति लहरै राखिएका छन्।

चैत्यमा १४७ खोपा ७३५ वटा तामाका ॐमाने पेमे हुँ मानेहरू छन्। हर्मिकातर्फ शान्ति र प्रज्ञाका आँखा, १३ भुवनले बुद्धत्वको प्रतिनिधित्व गर्छ। कग्युपा, शाक्यपा, गेलुक्पा र ञिङमापा सम्प्रदायका छुट्टाछुट्टै महायानी गुम्बाहरू छन् यहाँ । लोकोक्तिअनुसार उपत्यकामा खडेरीले नारायणहिटीसमेत सुके छ । ज्योतिषले बत्तीसै लक्षणयुक्त व्यक्तिको बली दिएमा वर्षा र सहकाल सुरू हुने राजा धर्मदेवलाई सुझाए छन्। राजाले राजकुमार मानदेवलाई भने कि भोलि बिहान मुहानमा सेतो कपडाले ढाकेकोलाई दुई टुक्रा हुनेगरी काटिदिनू । आज्ञा मुताविक काटिएको वस्तु आफ्नै पिता धर्मदेव रहेको थाहा पाए।

भयभीत मानदेवले साँखु बज्रयोगिनीको आज्ञा मुताविक बौद्धनाथ निर्माण गरे। बचेको सामग्रीबाट चावहिल धन्दोचैत्य बनाएको भन्ने रहेको छ । अर्को आख्यानुसार सुख्खाको कारण रातभर खुला आकाशमा कपडा फिजाएर शीत संकलन गरी शीत निचोरेर स्तुप बनाएकाले नेपालभाषामा खसु-शीत र ती-झोलबाट खास्ती भनिएको भन्ने पनि रहेको पाइन्छ। छुट्टै आख्यानअनुसार तिब्बती लामा खासाको मृत्युपछि नेपालका राजा मानदेव प्रथमको रूपमा जन्म भयो । खासा चैत्य बनाउन एकजना तामाङनीले राजालाई एउटा गोरूको छालाले ढाक्ने जमिन मागे । राजाको आज्ञाले महिलाले गोरूको छालालाई धागोको डोरीले जमिन नाप्दा हालको बौद्ध चैत्य बनेको हो । विश्वसम्पदामा सूचीकृत बौद्धनाथमा बुद्ध जयन्ती, ल्होछार, तेमाल जात्रा, रोपाइँजात्रा, छेच्यू पूजालगायत मनाइन्छ।

### चाबहिल चैत्य, चारुमति विहार र चन्द्र विनायक

किरातकालमा चाभेचौरी भनिन्थ्यो चावहिललाई। चावहिललाई संस्कृतमा समाधिमण्डप महाविहार भनियो। चाबहिल सम्राट अशोककी छोरी चारूमतीको नाउँबाट चावहिल बनेको भन्ने कथन छ तर सो सत्य नभई राजा प्रताप मल्लकालीन ने.सं. ७६१ ल्हासा व्यापारीहरू तिब्बत जाँदा रात बस्ने भएकोले नेपालभाषामा चाहिनाबाट, चावहिल रहेको कथन छ । किरातराज्यका चौथा राजा थोरे हाङको राज्यकालमा, गोकर्णमा विफरको महामारीबाट बच्न थोरेहाङले चाभेचौरीमा राजधानी सारेको भनाइ छ । भारतका सम्राट अशोककी छोरी चारूमतीको विवाह देवपालसँग भएको र चारूमतीबाट चावहिल कुनै प्रमाण नरहेको इतिहासविद् भुवनलाल प्रधानद्वारा लिखित चाभेचौरीं चावहिल पुस्तकमा उल्लेख छ।

### चावहिल स्तुप (धन्दो चैत्य) र जीवित देवी कुमारी

धन्दोचैत्य राजा मानदेवका पिता धर्मदेवद्वारा लिच्छवी संवत् ५०० मा निर्मित गोपाल वंशावलीमा छ। मखनबहालका बज्राचार्यबाट चावहिल संघका शाक्यहरूकी कान्छी छोरीलाई विधिवत् छानिने हुँदा यहाँकी कुमारीलाई आकस्मिक कुमारी पनि भनिन्छ। कथनकदाचित वसन्तपुर कुमारीको तलमाथि भएमा चावहिल कुमारीलाई गद्दीमा विराजमान गराइन्छ। ने.सं. ८३६ भाष्कर मल्लको राज्यकालमा लायकू कुमारीको निधन हुँदा चावहिलकी कुमारीलाई वसन्तपुर गद्दीमा बसाइएको भन्ने गरिन्छ। ने.सं. ८५० मा गंगारानी नाउँकीले चारूमती विहार जीर्णोद्वार गराएको बताइन्छ।

### क्वथु वहिल (गगनगञ्ज महाविहार)

धर्मचक्र महाविहार (क्वथु वहिल) स्थानीय शाक्यवंशका पुर्खा गगन कनिष्ठ शाक्य भिक्षुले स्थापित तल्लो टोलको वहिल हो यो। अक्षोभ्य बुद्धप्रति समर्पित दुईतले क्वथु वहिलको कक्षभित्र पञ्चबुद्ध र पद्मपाणी लोकेश्वरका मूर्ति छन्। ने.सं. ७५२ आगंद्यो निर्मित कुटुबहीलमा महाकाल, नाग र ध्वं जुजु स्याल राजाको पूजा हुन्छ। कार्तिक पूर्णिमाको दिन।

### चन्द्रविनायक चावहिल गणेश

जनश्रुतिमा, हाँडीगाउँको धनगणेशबाट सारिएको हो, चन्द्रविनायक । काठमाडौं उपत्यकाका चार विनायक (सूर्यविनायक, जलविनायक, सिद्धीविनायक र चन्द्रविनायक) मध्ये मानिन्छ, चन्द्रविनायक । द्योछेँ भजन दुईतले धातुछाने प्यागोडाशैलीका घर छन्। लिच्छविकालीन मन्दिर राजा प्रताप मल्लद्वारा पुर्ननिर्मित मानिन्छ । शरीरमा खटिराले दुःख दिए, यस गणेशथानमा पुज्ने गरिन्छ।

### मैजुबहाल म्हेजविहार र बाँकोट कुमारी

चावहिल चोकको पूर्व बौद्धतर्फ नगई गुहचेश्वरीतर्फ छिर्ने गल्लीमा मैजुबहाल सडकछेउमा छ। भाषा वंशावलीअनुसार मारवाड देशका राजा सुदत्तकी रानी पिंगलाले गुहचेश्वरीदेवीको वरदान पाएपछि बहाल र ढुंगेधारा निर्माण गरेकी थिइन्। बाँ अर्थात् बलि वा अखडा भन्ने अर्थ लाग्दछ नेपाल भाषामा। कुमारी अखडा, बाँकोट चावहिल चक्रपथ थुम्को हो। फागूपूर्णिमाको दिन बाँकोट कुमारीको विशेष ज्यापुपूजा हुने गर्दछ।

पाठक मञ्च

## आमा: त्याग र समर्पणको प्रतिमूर्ति

कुनै पनि बच्चाका लागि आमा हुनु सबैभन्दा ठूलो भाग्य हो । म मेरी आमालाई भगवान्को दर्जा दिन्छु। आमाको माया अमूल्य, गहिरो र अटल हुन्छ। उनी मेरो सबै थोक हुन्।

म एउटा सामान्य परिवारमा जन्मिएँ । जहाँ मेरो बुवा, आमा, दिदी र म मात्र छौं । पारिवारिक अवस्था धेरै बलियो नभएकोले र मेरी आमाको माइली दिदीले कुनै कारणबस बच्चा नभएकोले सानै उमेरमा दिदीलाई माइली आमाकहाँ पठायौं । मेरो बुबा र आमाले बाहिर अरू कुनै तलबी काम नगर्ने भएकाले घर चलाउन धेरै गाह्रो थियो। हाम्रो धेरै जग्गा थिएन र घर पनि माटोको र टिनको छाना थियो जुन पानी पर्दा ठाउँठाउँमा चुहिन्थ्यो । हामीले हाम्रो आम्दानीको रूपमा गाईवस्तु र कुखुरा पालेका थियौं। त्यसबाट आउने रकमले मेरो बुबा घरका लागि आवश्यक सामग्रीहरू किन्नुहुन्थ्यो, तर बच्चाहरूलाई पठाउनका लागि र स्वास्थ्य खर्च नटर्ने भएकोले मेरी आमाले इँटाभट्टामा भारी बोक्नुहुन्थ्यो । बिहानभरि घरको काम सकेर दिउँसो इँटाको भारी बोकेर साँझ घर फर्कदा गाईवस्तुका लागि घाँस ल्याउनुहुन्थ्यो।

घर आएपछि पनि आराम गरी बस्न पाउने अवस्था हाम्रो थिएन। गाईवस्तुको सरसफाइ गर्ने र खाना पकाउने जिम्मेवारी सबै मेरी आमाको काँधमा हुन्थ्यो। बिहान उठेदेखि नसुत्दासम्म मेरी आमाको हात कहिल्यै खाली हुँदैनथ्यो । घरको काम सकेर सुत्ने बेला हुँदा बुबा रक्सी खाएर घर आउने र आमासँग झगडा गर्नुहुन्थ्यो । मैले रोक्न खोज्दा मलाई नै गाली गर्नुहुन्थ्यो। म र मेरी आमा एकअर्कालाई अँगालो हालेर र कानाखुसी गर्दै सुत्ने गर्थ्यौं । दिनभरिको थकान त्यसैमाथि कुटपिट ! मेरी आमा कसरी बसिन् होला ? उनी भन्थिन् कि यदि हामी दुई बच्चा नभएको भए मेरी आमा घरबाट निस्केर जानुहुन्थ्यो। हामी दुई छोरी हुर्काउन मेरी आमाले धेरै दुःख भोग्नुपरेको छ। यत्रो ठूलो समाजमा मेरी आमा एक्लै थिइन्। आफन्त, श्रीमान् र छिमेकीहरू मात्र एकातिर थिए भने मेरी आमा अर्कोतिर । छिमेकीहरूले नराम्रा कुराहरू बनाउँथे र मेरो बुबालाई ती कुराहरू सुनेर दिनरात झगडा गर्थे । बाहिरी संसारका लागि सम्बन्ध धेरै राम्रो देखिए पनि, घरभित्रको वास्तविकता धेरै दुःखद थियो। जे जस्तो परिस्थिति आए पनि मेरी आमाले कहिले हार खानुभएन । उहाँकै परिश्रमबाट आज घरको छाना फेरियो, अवस्था पहिलेझैं रहेन।

सबै दुःख र पीडाको बावजुद, मेरी आमाले हामीलाई कहिल्यै एक्लो महसुस गर्न दिनुभएन। हामीले मागेका कुराहरू हामीकहाँ आउँथे, यद्यपि अलि ढिलो । मेरी आमाले कहिल्यै समाज र आफ्नो परिवारको माया महसुस गर्नुभएन । आज पनि, उहाँ हाम्रो लागि सक्दो गर्नुहुन्छ, ताकि हामीले भोलि त्यही दिन देख्न नपरोस् । मेरो परिवारका लागि आमा एउटा विशाल रूप हो । आफ्नो परिवारका लागि आमाले आफ्नो कति सपना इच्छा र चाहनाहरू त्यागेर हाम्रो लागि दिनरात मिहेनत गर्नुभयो। आमाले जीवन दिन्छिन्, माया गर्छिन् र सधैंभरि साथ दिन्छिन्।

**– कुसुम थापा**
**चाँगुनारायण, भक्तपुर**



**फोहोर व्यवस्थापनको तयारी** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–११ कलुवापुरस्थित श्रीकृष्ण सामुदायिक वन क्षेत्रको जग्गामा ३० करोड रूपैयाँभन्दा बढीको लागतमा निर्माणको अन्तिम चरणमा पुगेको एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र । एसियाली विकास बैंक (एडिबी)को सहुलियत ऋण सहयोगमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भइरहेको छ ।

*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# १५ करोड ४६ लाखका पाठ्यपुस्तक बिक्री

**कैलाली (प्रस)**– जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय धनगढीले १५ करोड ४६ लाख ७४ हजार रूपैयाँबराबरका पाठ्यपुस्तक बिक्री गरेको छ । केन्द्रले नयाँ शैक्षिकसत्र २०८२ का लागि सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा स्थानीय पुस्तक बिक्रेतामार्फत उक्त मूल्यका पाठ्यपुस्तक बिक्री गरेको हो ।

गत चैत १७ गतेबाट पाठ्यपुस्तक बिक्री सुरु गरिएको र चैत मसान्तसम्म ११ लाख ३६ हजार ४१७ थान पाठ्यपुस्तक बिक्री भएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय धनगढीका प्रमुख रामविनय श्रेष्ठले जानकारी दिए । प्रदेशमा चालु शैक्षिकसत्र २०८२ मा २५ करोड रूपैयाँबराबरका १८ लाख १७ हजार थान पाठ्यपुस्तक बिक्री गर्ने लक्ष्य रहेको उनले जानकारी दिए । उनका अनुसार बाजुरामा एक लाख नौ हजार २९६ थान, दार्चुलामा ९५ हजार ८२६, बैतडीमा एक लाख ४२ हजार ६३३, बझाङमा एक लाख आठ हजार ५६० र अछाममा एक लाख २३ हजार ११६ थान पाठ्यपुस्तक बिक्री वितरण भएको छ ।

त्यसैगरी, डोटीमा एक लाख १५ हजार ६३ थान, डडेलधुरामा ४७ हजार ७६४, कञ्चनपुरमा एक लाख ४७ हजार २३८ र कैलालीमा दुई लाख ४६ हजार ९२१ थान पाठ्यपुस्तक बिक्री वितरण भएको उनले जानकारी दिए ।

प्रदेशका सात पहाडी जिल्लामा लगभग पाठ्यपुस्तक पुगिसकेको र केही छिटपुट ठाउँमा अझै पाठ्यपुस्तक गइरहेको उनले जानकारी दिए । उनले भने, 'हामीले सुरुमा पहाडी जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गरेका थियौं । कैलाली र कञ्चनपुरका बाँकी रहेका ठाउँमा पाठ्यपुस्तक गइरहेको छ । भर्ना अभियानसँगै सबै जिल्लाका विद्यार्थीले पाठ्यपुस्तक पाउनुहुन्छ ।' केन्द्रले गत शैक्षिकसत्र २०८१ मा २२ करोड ५७ लाख रूपैयाँबराबरका पाठ्यपुस्तक बिक्री गरेको जनाएको छ ।

# इलामका सीमावर्ती गाउँमा विद्यार्थी छन्, विद्यालय छैनन्

■ **मनोज अधिकारी**



**इलाम**– वैशाख लागेसँगै विद्यालयमा विद्यार्थी भर्ना अभियान चल्नुपर्ने हो । तर, देशभरका विद्यालय बन्द गरेर शिक्षकहरू आन्दोलनमा छन् । सरकारले माग सम्बोधन गरेपछि शिक्षकहरू फर्केलान्, विद्यालय खुल्ला र विद्यार्थीको भर्ना होला । तर, इलामका उत्तरी भेगका अभिभावकलाई त्यति पनि आशा छैन । आफ्नो ठाउँमा विद्यालय नै नभएपछि उनीहरूलाई आन्दोलनको चासोभन्दा पनि बालबच्चा कहाँ पढाउने भन्ने चिन्ताले पिरोलेको छ ।

'शिक्षकको आन्दोलन भन्छन्, शिक्षा ऐन भन्छन् । हामी त बच्चा पढाउन भारत जानुपर्छ,' माइजोगमाई गाउँपालिका-५ मेग्माकी नुमा शेर्पाले भनिन्, 'गाउँमा एउटा विद्यालय छैन । अर्काको देशमा बच्चा पढाउन पठाउँदाको पीर कसैले बुझ्नेनन् ।' उनीमात्रै होइन उत्तरी इलामका लेकाली भेगका अधिकांश अभिभावकले बालबच्चा भारतको विभिन्न विद्यालयमा पढाउनुपर्ने बाध्यता छ । यहाँका जौबारी, तुम्लिङ, मेग्मा, आलेभञ्ज्याङ, नुनथला, इङ्ला, गैरीबासलगायत गाउँका सबै बालबालिका भारतीय विद्यालय लैजानुपरेको छ ।

विद्यार्थी अभाव भएको भन्दै सामुदायिक विद्यालयहरू बन्द भएपछि भारतीय सीमावर्ती क्षेत्रका बालबालिका भारतमा पढ्न बाध्य छन् । पातलो बस्ती र जनघनत्व पनि कम भएको यी ठाउँमा केही वर्षयता विद्यालय नै बन्द भएपछि बालबालिकालाई प्राथमिक तहबाट पढाउन भारतीय क्षेत्रमा अभिभावक गएर बस्नुपर्ने बाध्यता भएको जौबारीका सोनाम शेर्पाले बताए । 'घरबाट धाएर पुर्‍याउँदा टाढा हुन्छ । गत सालदेखि उतै कोठामा बसेर नातिनी पढाइरहेकी छु,' सन्दकपुर गाउँपालिका-५ कालपोखरीकी ६९ वर्षीया निमलमुले भनिन् ।

जौबारीको राष्ट्रिय प्राथमिक विद्यालय बन्द भएको आठ वर्ष भयो । कक्षा १ देखि ५ सम्म पढाइ हुँदै आएको उक्त विद्यालय विद्यार्थी अभावका नाममा २०७२ सालमा बन्द गरिएको थियो । 'सीमा क्षेत्रका धेरै बालबालिकालाई भारतीय विद्यालयमा पढ्न पठाउन थालेपछि यहाँका विद्यालयमा विद्यार्थी अभाव भयो, उक्त विद्यालय ८० जनासम्म बालबालिका अध्ययन गर्न आउने गर्थे । त्यसपछि उक्त विद्यालय स्थापनाको कुनै पहल भएको छैन,' उनले भनिन् ।

अहिले यस क्षेत्रबाट करिब १५ जना बालबालिका मानेभञ्ज्याङको रिब्स विद्यालयमा पढ्छन् । महिनाको भारु १८ देखि २० हजार खर्च हुने गरेको मानेभञ्ज्याङमा कोठा लिएर नानी पढाउन बसेकी डोमा शेर्पाले बताइन् । जौबारीको मात्रै होइन, माइजोगमाई-२ को मेग्मामा रहेको सरस्वती प्राथमिक विद्यालय, सन्दकपुर-५ कालपोखरीमा रहेको प्राथमिक विद्यालय, सन्दकपुर-५ को मजुवामा रहेको अर्को प्राथमिक विद्यालय बन्द भइसकेको राष्ट्रिय प्रावि जौबारीका पूर्वप्रधानाध्यापक पासाङछिरिङ शेर्पाले जानकारी दिए ।

भारतीय विद्यालयमा आफ्ना नानीबाबु भर्ना गरेपछि नेपालतर्फका विद्यालय विद्यार्थी अभावकै कारण बन्द भएको जौबारीका थुक्तेन लामाले जानकारी दिए । यसरी विद्यार्थी भारत लैजाँदा पैसा त खर्च हुन्छ नै नेपालको राष्ट्रियता, स्वाभिमानजस्ता विषय नेपाली बालबालिकाले थाहा नपाउने लामाको दुखेसो छ । बन्द भएका विद्यालय जीर्ण बनिसकेका छन् । जौबारीको राष्ट्रिय प्राविमा भने एक वर्षअघि सशस्त्र प्रहरी बसेको थियो । उक्त विद्यालयमा बसेरै सशस्त्रले विद्यालय नजिकै आफ्नो भवन निर्माण गरेको छ । सीमा क्षेत्रमा विद्यालय सञ्चालन गर्न हालसम्म सरोकार भएका निकायले चासो देखाएका छैनन् । *रासस*

# बजेट अभावले आधारभूत अस्पताल अधुरै



**ढोरपाटन (बागलुङ)**– बागलुङको निसीखोलामा निमार्णाधीन पालिकास्तरीय आधारभूत अस्पतला अधुरै रहेको छ । गत वर्ष पुस महिनामा सम्पन्न हुनुपर्ने अस्पताल बजेट अभावका कारण अधुरै रहेको हो ।

निसीखोला गाउँपालिका-४ झिम्पामा बन्दै गरेको १० शयाको आधारभूत अस्पताल निर्माणका लागि लागि २०७८ माघमा सम्झौता भएर काम सुरु भएको थियो । आठ करोड २४ लाख रूपैयाँमा निर्माण सुरु भएको अस्पताल २०८० पुस महिनामा सम्पन्न गर्ने गरी निर्माण सुरु भएको थियो । तर हालसम्म ९० प्रतिशतमात्रै काम सकिएको हिन्दुङ आइएस/एसी जेबीका प्रमुख दीपककुमार अदैले जानकारी दिए । पालिकाले बजेट विनियोजन गरे दुई महिनामै काम सम्पन्न गर्न सक्ने उनको भनाइ छ । २०८० भदौमा बुझाएको एक करोड १० लाख रूपैयाँको बिलको भुक्तानी अझै हुन नसकेको उनले बताए ।

पालिकाबाट भुक्तान गर्न बाँकी रहेको एक करोड १० लाख रूपैयाँसहित थप ६० लाख रूपैयाँ व्यवस्थापन गर्न सके काम गर्न समस्या नहुने उनी बताउँछन् । लामो समयसम्म काम गरेको भुक्तानी नपाउँदा समस्या परेको प्रमुख अदैले बताए । पालिकाले बजेट व्यवस्थापन गरेको भए अघिल्लो वर्ष नै अस्पताल सम्पन्न भई सक्ने उनको भनाइ छ ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले संघीय सरकारले बजेट नपठाउँदा अस्पताल अधुरै रहेको बताए । गाउँपालिकाको आन्तरिक स्रोत कम हुने हुँदा अस्पतालमा बजेट विनियोजन गर्न नसक्ने उनको भनाइ छ । आवश्यक बजेट व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयसँग माग गरेको अध्यक्ष घर्ती मगर बताउँछन् । *रासस*

# विपद्जन्य घटनाबाट जोगिने उपाय सिकाउँदै नेपाली सेना




**कञ्चनपुर (प्रस)**– विपद्जन्य घटनाबाट जोगिने उपाय सिकाउन नेपाली सेनाको भगतपुरस्थित श्रीदल गुल्मले जिल्लास्तरीय सामुदायिक विपद् प्रतिकार्यसम्बन्धी तीन दिने तालिम सञ्चालन गरेको छ । शुक्लाफाँटा नगरपालिकामा आयोजित तालिममा नौ वटा स्थानीय तहका विपद् व्यवस्थापन शाखाका कर्मचारी, नेपाली सेनाका जवान, नेपाल स्काउटका प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी शाखा कञ्चनपुरका प्रतिनिधि, एनसिसी क्याडेट, सशस्त्र प्रहरीका जवान र नेपाल प्रहरीका विपद्सम्बन्धी कार्यमा संलग्न जवानहरूको सहभागिता छ ।

तालिममा सहजीकरण श्री नम्बर २ विपद् व्यवस्थापन गण चितवनका सेनानी हरिनारायण पौडेल, कालिरक्षा गण(ई) कैलालीका उपसेनानी विदेश बजगाईं, श्री नम्बर २ विपद् व्यवस्थापन गण चितवनका जमदार नृपबहादुर रोकायाले गरिरहेका छन् ।

श्री नम्बर २ विपद् व्यवस्थापन गण चितवनका सेनानी हरिनारायण पौडेलले तालिमका सहभागीलाई भूकम्पीय अवस्थाका बारेमा जानकारी दिएका छन् । उनले भूकम्प आउनुपूर्वको तयारी, भूकम्पीय जोखिमका कारण, पारिवारिक तथा सामुदायिक योजना, अल्पकालीन वस्तुको व्यवस्था, प्राथमिक उपचारका सामग्रीको व्यवस्था, सुरक्षित स्थानको पहिचान गर्ने तरिका, घरभित्रको सुरक्षित स्थान, घर बाहिरको सुरक्षित स्थान, अल्पकालीन सञ्चार सम्बन्धको योजनाबारे जानकारी गराए ।

पौडेलले भूकम्प आएको बेला अपनाउनुपर्ने सावधानी, भूकम्प गइरहेका बेला गर्न नहुने कार्य, भूकम्प आएपछिको द्रुत खोजी, हेलिङ खोज विधिभित्र ठाउँका लागि भौतिक खोजको स्वरूप, बहुकोठा खोजविधिलगायत विविध विषयमा जानकारी गाराइएको बताए । घर निर्माण गर्दा मापदण्डअनुरूप भूकम्पप्रतिरोधी बनाउनुपर्नेमा उनले जोड दिए ।

भूकम्पको जोखिमका हिसाबले नेपाल विश्वमा ११औं स्थानमा रहेको चर्चा गर्दै सेनानी पौडेलले भूकम्प जहिले पनि आउनसक्ने भएकाले जोखिमयुक्त क्षेत्रका बासिन्दाले पूर्वतयारी गरी सावधानी अपनाउनुपर्ने बताए । श्री नम्बर २ विपद् व्यवस्थापन गण चितवनका जमदार नृपबहादुर रोकायाले प्राकृतिक, प्रविधिजन्य त्रुटि र मानवीय लापरवाहीका कारण आगलागी र वन डढेलो लाग्ने गरेको बताए । उनले आगलागीका घटना हुन नदिन अपनाउनुपर्ने सावधानी, आगलागी भइहाले नियन्त्रण गर्ने उपायबारे तालिमका सहभागीलाई जानकारी दिएको बताए ।

कालिरक्षा गण(ई) बढैया कैलालीका उपसेनानी बजगाईंले सर्पदंश लागेमा के गर्ने र कसरी बच्ने भन्नेबारे जानकारी दिए । उनले सर्पको इतिहासकाबारेमा चर्चा गर्दै नेपालमा पाइने विषालु सर्पका प्रजाति, सर्प पाइने स्थान, सर्पको टोकाइबाट बच्ने उपाय, सर्पदंशपश्चात् देखिने चिन्ह र लक्षण, उपचार विधिलगायतका बारेमा जानकारी दिएका थिए ।

'सर्पदंश लागेमा झारफुक गर्ने धामी, झाक्री र गुरुवा कहाँ लैजाने परिपाटी अझै विद्यमान छ, धेरै जनाको यसै कारणले ज्यान जाने गरेको छ,' बजगाईंले भने, 'सर्पदंश लागेका व्यक्तिलाई सर्पदंश उपचार केन्द्रमा पुर्‍याउन सकिए ज्यान जोगाउन सकिन्छ ।' तालिमका क्रममा उनले नेपालभर २३ वटा सर्पदंश उपचार केन्द्र सञ्चालनमा रहेका जानकारी दिए । 'केन्द्रबाट हालसम्म १२ हजार बढी सर्पदंश लागेका व्यक्तिको उपचार गरेका छौं,' उनले भने, 'अहिलेको समय आहारा खोज्ने, प्रजनन गर्नेसँगै बढ्दो तापक्रमले सर्प दुलोबाट बाहिर निस्कने भएकाले सावधानी अपनाउनुपर्छ ।' टिकटकमा भाइरल हुनका लागि सर्पलाई असावधानीपूर्वक समात्न खोज्दा डस्ने सम्भावना प्रवल हुने भएकाले त्यसो नगर्न उनले आग्रह गरे ।

बुधबारदेखि सुरु भएको तालिम आज (शुक्रबार)सम्म सञ्चालन हुने छ । बिहीबार बाढीजन्य प्रकोप, भान्सामा ग्यासबाट हुने आगलागी नियन्त्रण गर्ने तरिकाबारे सहभागीलाई जानकारी दिइएको नगरपालिकाको विपद् शाखाका प्रमुख कृष्ण भट्टले जानकारी दिए । उनका अनुसार तालिमको अन्तिम दिन विपद्जन्य घटनाबारे सर्वसाधारणलाई जानकारी गराउन कृतिम नमूना अभ्यासको कार्य गरिने छ । तालिममा समन्वय तथा व्यवस्थापनको कार्य शुक्लाफाँटा नगरपालिका र श्रीदल गुल्म भगतपुर ब्यारेकले गरिरहेको छ ।


**कतारमा रोजगार** — कम्पनी : advik trading and contracting

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 314133 | चलानी नं. ६०२२८५४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounts Executive | 1 | 0 | 3600 | १३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1000 | ३७,४५० | | | | | | | |
| 3 | Normal Mason | 6 | 0 | 1200 | ४४,९६० | | | | | | | |
| 4 | Normal Mason | 5 | 0 | 1200 | ४४,९६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम इजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : Hamed Bin Saud Bin Samar Al-Otaibi Company

पूर्व स्वीकृति मिति : २०८२/०१/०३ | LT. No. 317153 | चलानी नं.६०२३१४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD

Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366

E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

**साउदीमा रोजगार** — कम्पनी : MALIGA AGRICULTURAL COMPANY LIMITED LIABILITY

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321925 | चलानी नं.६०२३६००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 1 | 0 | 1600 | ५८,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.

Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338

Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

**युएइमा रोजगार** — कम्पनी : TAS BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 311149 | चलानी नं. ६०२२६०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Male | 3 | 0 | 900 | ३३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Cleaner | 2 | 0 | 900 | ३३,५३० | | | | | | | |
| 3 | Unit & Cleaning Supervisor | 2 | 0 | 1200 | ४४,७१० | | | | | | | |
| 4 | Window Male Cleaner | 3 | 0 | 900 | ३३,५३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054

**साउदीमा रोजगार** — कम्पनी : Smart Layers Establishment for General Contracting

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२६ | LT. No. 317358 | चलानी नं. ६०२३१५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 8 | 0 | 1300 | ४७,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Afak Al Yamamah Operation and Maintenance Company One Person

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 316604 | चलानी नं. ६०२३०८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 25 | 0 | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al- Sabri Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/०८/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 315092 | चलानी नं. ६०२२९४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1500 | ५४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker /labour | 2 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 3 | Mason (General) | 1 | 0 | 1500 | ५४,७०५ | | | | | | | |
| 4 | Painter | 1 | 0 | 1500 | ५४,७०५ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1500 | ५४,७०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.

Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,

E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com

Govt. License 518/061/062

# प्रभाव दैनिक





### ट्रेलर रिलिजमा पनि सहभागी नभई अमेरिका उडिन् अरूणिमा

अभिनेत्री अरूणिमा लम्साल अमेरिका उडेकी छन् । श्रीमान् युवराज श्रेष्ठसँग सम्बन्ध विच्छेदको विषय चर्चा आएपछि उनी मंगलबार नै सुटुक्क अमेरिका उडेकी हुन् । केही दिन अगाडि केही युटुबमा अन्तर्वार्ताको क्रममा उनले श्रीमान् युवराज श्रेष्ठविरूद्ध अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दायर गरेको बताएकी थिइन् । उक्त विषयलाई लिएर उनीमाथि टिप्पणी हुन थालेपछि उनी अमेरिका उडेकी हुन् । केहीअघि मात्र नेपाल आएकी उनी वेब सिरिज 'घर बट इन अमेरिका' को कार्यक्रमका लागि आएको बताइए पनि ट्रेलर रिलिज कार्यक्रममा सहभागी नै नभई उनी अमेरिका उडेकी छन् । विच्छेदको प्रश्नबाट भाग्नका लागि उनले कार्यक्रमलाई स्किप गरेकी हुन् ।




शुक्रबार, ०५ वैशाख २०८२ (Friday, April 18, 2025)


# चलचित्रसम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक संसद्मा पेस हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही वैशाख २ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकले चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने निर्णय गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा निर्णय सार्वजनिक भएसँगै चलचित्रकर्मी उत्साहित देखिएका छन् । विसं २०२६ को चलचित्र ऐनलाई प्रतिस्थापन गर्नेगरी ल्याउन लागिएको उक्त विधेयकको मस्यौदा एक महिनाअघि चलचित्र विकास बोर्डले मन्त्रालयमा पठाएको बोर्डका अध्यक्ष दिनेश डिसीले जानकारी दिए । 'हामीलाई रहेको कानुनी कठिनाइलाई नयाँ चलचित्र ऐनले सहज गर्नेछ । चलचित्र ऐनले यस क्षेत्रमा आवद्ध सबैलाई लाभ दिनेमा हामी विश्वस्त छौँ, उनले भने ।

समावेशी सिद्धान्तको आधारमा दुई महिलासहित बोर्ड सञ्चालक समितिमा पाँचजना सदस्य नियुक्त गर्नुपर्ने, यसअघि चलचित्र भवन अनुमगन र नियमनका क्रममा कारबाही र सजाय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेमा प्रस्तावित विधेयकमा रु १० लाख जरिवाना र चलचित्र भवन बन्द गर्न सक्ने अधिकार बोर्डलाई दिने प्रस्ताव गरिएको बोर्डले जनाएको छ ।

पछिल्लो समय विश्वभर लोकप्रिय भरहेको 'ओभर दि टप (ओटिटी)' मार्फत चलचित्र प्रदर्शन गर्ने, कल्याणकारी कोष कार्यविधिबाट सञ्चालन गर्न चलचित्र प्रशिक्षण प्रतिष्ठान गठन गर्नेलगायत प्रस्ताव गरिएका बोर्डले जनाएको छ । यद्यपि, प्रस्तावित विधेयकको पूर्ण मस्यौदा सार्वजनिक भने नभएको जनाइएको छ । अध्यक्ष डिसीले कार्यभार सम्हाल्नु भएदेखि चलचित्र ऐनका लागि काम गरिरहेका थिए ।

# 'इसा अन्तर्राष्ट्रिय अवार्ड'को दुई विधामा मनोनयन

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'इन्टरनेसनल सिंगर सङ राइटर्स एसोसिएसन (इसा)' ले हरेक वर्ष संयुक्तराज्य अमेरिकामा आयोजना गर्ने 'इसा अन्तरराष्ट्रिय अवार्ड' को सातौं संस्करणको दुई विधामा मनोनयन गरिएको छ । यी दुवै मनोनयनमा गीतकार लोकराज अधिकारी परेका छन् । मनोनयनमा नेपालबाट गीतकार अधिकारी 'जिन्दगानी के छ र' बोलको गीतबाट 'वर्ष गीतकार पुरुष' र 'म्युजिक भिडिओ अफ द इयर' गरी दुई विधामा मनोनयनमा परेका हुन् । यो मनोनयन आफ्नो मात्र नभई नेपालकै प्रतिनिधित्व भएको गीतकार अधिकारीले बताए ।

उनले भने, 'म नेपालबाट एक्लो मनोनयनमा परेको छु, त्यसकारण मैले देशकै प्रतिनिधित्व गरेको महसुस भएको छ । उक्त अवार्डको सार्वजनिक मनोनयनमा अन्य देशसँगै नेपालको झन्डा देख्दा आफूले केही गरेको जस्तो महसुस भएको छ ।'

अधिकारी लगातार दोस्रो वर्ष नेपालबाट मनोनयनमा परेका हुन् । उनले उक्त अवार्डमा अमेरिकाको २१ विधा र अन्तरराष्ट्रिय २१ विधाअन्तर्गत प्रतिस्पर्धा हुने जानकारी दिए । गीतकार विधामा उनीसँगै ६१ जना र 'म्युजिक भिडिओ अफ द इयर' तर्फ ३६ जना प्रतिस्पर्धामा रहेका छन् । गीतकार अधिकारीले गत चैत २० देखि नै 'इलेक्ट्रोनिक भोटिङ' खुला भएको र वैशाख २० गतेसम्म भोट गर्न पाइने बताए ।

'प्राप्त मतका आधारमा आगामी वैशाख १९ गते उत्कृष्ट २० घोषणा हुनेछन् । म एउटा गीतमार्फत त्यहाँ प्रतिस्पर्धामा रहे पनि नेपालकै प्रतिनिधित्व गरिरहेको छु, त्यसैले सबैलाई भोट गर्न आग्रह गर्दछु । यस मनोनयनलाई मैले अन्तरराष्ट्रिय मञ्चमा सिङ्गो नेपाल र नेपालीभाषी गीतकारको प्रतिनिधित्वका रूपमा लिएको छु', उनले भने ।

गीतकार अधिकारीले एउटा 'डिभाइस' बाट दैनिक एकपटक भोट गर्न सकिने जानकारी दिए । उनी मनोनयनमा परेका गीत 'जिन्दगानी के छ र' मा सिडी अधिकारीले सङ्गीत र स्वर दिएका छन् भने यसको 'म्युजिक भिडिओ' लाई बबिता श्रेष्ठले निर्देशन गरेकी छन् ।

# 'म्युजिक भिडियो'मा स्थापित निर्देशकका चलचित्रले अपेक्षित सफलता पाएन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा साङ्गीतिक श्रव्यदृश्य (म्युजिक भिडियो) निर्देशनबाट ठूलो पर्दासम्म पुग्ने निर्देशकहरूको संख्या उल्लेख्य छ । सानो पर्दामा दर्शकको मन जितेका यी निर्देशकहरूलाई चलचित्र निर्देशनमा सहज हुने विश्वासले प्रेरित गरेको देखिन्छ । सानो पर्दामा राम्रो छवि बनाएका निर्देशकहरू ठूलो पर्दामा अपेक्षा गरिएअनुसार सफल भएका देखिँदैनन् । 'म्युजिक भिडियो'मा चम्किएका धेरैजसो निर्देशकहरूले चलचित्रमा आफ्नो कामले प्रभाव छाड्न नसकेको स्वयम् निर्देशकहरू नै स्वीकार्छन् ।




नेपाली टेलिभिजनमा गहिरो छाप छोडेका भूषण दाहालले 'डिजिटल' प्रविधिमा बनेको पहिलो नेपाली चलचित्र 'कागबेनी' मार्फत ठूलो पर्दामा प्रवेश गरे । परम्परागत कथ्य शैलीभन्दा फरक यो चलचित्रले समीक्षकको ध्यान तान्यो, तर व्यावसायिक रूपमा असफल भयो । निर्देशक दाहालले त्यसयता दोस्रो चलचित्र निर्देशन गरेका छैनन् । त्यस्तै निर्देशक आलोक नेम्वाङले चलचित्र 'सानो संसार' लिएर ठूलो पर्दामा प्रवेश गरे । चलचित्र प्रदर्शनअघि उनको कामको चर्चा भए पनि त्यसले दर्शकलाई चलचित्र भवनसम्म तान्न सकेन । न समीक्षकले यसलाई उत्कृष्ट भने, न राम्रो व्यापार भयो ।

यसैगरी, प्रशन्न पौडेलले निर्देशन गरेको 'स्वर', निकेश खड्काले निर्देशन गरेको 'जिन्दगी रक्स', सङ्गीता श्रेष्ठले निर्देशन गरेको 'कथा काठमाडौं', विशाल भण्डारीले निर्देशन गरेको 'कोहलपुर एक्सप्रेस', प्रवीन श्रेष्ठले निर्देशन गरेको 'मोक्ष', सुव्रत आचार्यले निर्देशन गरेको 'अधकट्टी' पनि व्यावसायिक रूपमा सफल हुनसकेन । प्रदर्शनअगाडि भएको चर्चाले दर्शकलाई चलचित्र भवनसम्म आकर्षित गर्न सकेन । गत वर्ष निकै आश गरिएको गायक प्रकाश सपुतले निर्देशन तथा अभिनय गरेको चलचित्र 'वसन्त' पनि व्यावसायिक रूपमा असफल भएको छ । प्रदर्शनको एघारौँ दिनसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको 'सेन्ट्रल म्यानेज्मेन्ट टिकट सिस्टम' (बक्स अफिस)मा यस चलचित्रले रु एक करोड ८६ लाख (ग्रस) व्यापार गरेको तथ्यांक छ । चलचित्रले अपेक्षित सफलता पाउन नसकेको निर्देशक सपुतले पनि स्वीकार गरिसकेका छन् । सामाजिक सञ्जालमा संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले कमीकमजोरीलाई आउँदो चलचित्रमा सुधार्ने उल्लेख गरेका छन् ।

'म्युजिक भिडियो' निर्देशकहरू ठूलो पर्दामा किन असफल हुन्छन् ? यो प्रश्न उठ्नुमा प्रदर्शनरत चलचित्र 'वसन्त' कारण बनेको छ । किनकि गीतसंगीतमा स्थापित नाम 'प्रकाश सपुत' चलचित्रमा असफल भए । निर्देशक निकेश खड्काले प्राविधिक रूपमा ज्ञान लिएर चलचित्र निर्देशन गर्नुपर्ने आफैँले मनन गरेका छन् ।

'सांगीतिक श्रव्यदृश्य बनाउँदा हामीले गर्ने काम र चलचित्रमा गर्ने काममा निकै फरक छ । मैले पनि यसको भिन्नतालाई पहिलो चलचित्र निर्देशन गरेपछि महसुस गर्न पाएँ । चलचित्रमा निर्देशक बन्नुअघि कुनै न कुनै रूपमा चलचित्रको सुरुआतदेखि अन्त्यसम्म निर्माण प्रक्रियामा सहभागी भएको राम्रो । यसले हामीलाई काम गर्न शैलीसँग अभ्यस्त गराउँछ', निर्देशक खड्काले भने ।

उनले प्राविधिक पक्षसँगै कथा, पटकथा र प्रस्तुति शैलीमा ध्यान दिनुपर्नेमा जोड दिए । 'म्युजिक भिडियो' बाट चलचित्र निर्देशन गरेर व्यावसायिक रूपमा सफलता पाउने निर्देशक मिलन चाम्स छन् । उनले निर्देशन गरेको पछिल्लो चलचित्र 'अञ्जिला' ले घरेलु बजारमा राम्रो कमाई गरिरहेको छ ।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित यो चलचित्रको सफलतापछि उनले आफ्नो कार्यशैलीमा समेत परिवर्तन ल्याएको बताए । 'सांगीतिक श्रव्यदृश्य तयार गर्दा हाम्रो आधा काम गीतसंगीतले नै पूरा गर्दिन्छ । त्यसकारण सहज लाग्छ, तर चलचित्रमा लेखिएका शब्दलाई काल्पनिक संसार बनाएर पर्दामा उतार्न सक्नुपर्छ । चलचित्र निर्देशन गर्दा कथा-पटकथा लेखन, छायांकन, सम्पादन, पार्श्वसङ्गीतलगायतका ज्ञान निर्देशकमा हुनु जरुरी छ । मुख्य कुरा त लेखिएको पटकथालाई पर्दामा उतार्नु नै हो', निर्देशक चाम्सले भने ।

अब यही वैशाखमा नै दर्शकमाझ परीक्षा दिन निर्देशक नवीन चौहान आउँदै छन् । उनले तयार गरेको गीत संगीत र श्रव्यदृश्यमार्फत गायक सपुत झैँ दर्शकको प्रिय बनिसकेका छन् । निर्देशक चौहानको निर्देशनमा तयार भएको 'ऊनको स्वीटर' को व्यावसायिक नतिजाले पनि 'म्युजिक भिडियो' निर्देशकहरूलाई काम गर्ने तरिकामा समीक्षा गर्न सघाउनेछ ।

## रंगशाला

**केपी ओली कप**

# गण्डकी र काठमाडौं फाइनलमा

■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भइरहेको दोस्रो संस्करणको 'केपी ओली कप' टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उपाधिका लागि गण्डकी हिरोज र सिइसी काठमाडौं भिड्ने भएका छन् ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा जारी प्रतियोगितामा वर्षाका कारण पहिलो सेमिफाइनल खेल पाँच ओभरको खेलाइएकामा काठमाडौँले हिमाल फ्रेण्ड्स क्रिकेट एकेडेमीलाई १० रनले पराजित गरी फाइनल प्रवेश गर्न सफल भयो । यसैगरी दोस्रो सेमिफाइनल खेलको पहिलो इनिङ चलिरहँदा वर्षा भएपछि खेलको नतिजा टसबाट गरिएकामा गण्डकी भाग्यमानी बन्दै उपाधि नजिक पुग्न सफल भयो ।



टस हारेर ब्याटिङको निम्तो पाएको काठमाडौँले पाँच ओभरमा ५७ रन बनाएको थियो । खेलमा जितका लागि ५८ रनको विजयी लक्ष्य पाएको हिमाल फ्रेन्ड्सले पाँच ओभरमा तीन विकेट गुमाउँदै ४७ रनमा समेटियो ।

ओपनर सुवोध ऐरी १३ रनमा आउट भए । उनले आठ बलमा दुई चौका प्रहार गरे । आसिष तिरुवा १३ रनमा र अयुव चन्द २ रनमा नटआउट रहे । काठमाडौँका लागि मनोज यादवले दुई विकेट लिदाँ युनिश विक्रम सिंह ठकुरीले एक विकेट लिए ।

काठमाडौँका ओपनर ऋत गौतमले सर्वाधिक २८ रन बनाए । अर्जुन घर्ती १३ र दीपेन्द्र रावत आठ रनमा नटआउट रहे । टस हारेर ब्याटिङको निम्तो पाएको अत्तरियाले १३ ओभरको तेस्रो बलमा चार विकेट गुमाउँदै एक ४६ रन बनाउँदा वर्षाका कारण खेल रोकिएपछि निर्णय टसबाट गरिएको हो ।

गत चैत २३ गतेदेखि सुरु भएको प्रतियोगितामा कूल १६ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको फाइनल खेल भोली सञ्चालन हुनेछ । च्याम्पियन टोलीले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यसैगरी 'म्यान अफ दि सिरिज' ले नगद रु ३० हजार, वेष्ट बलर, बेष्ट ब्याटरले जनही नगद रु १० हजारका साथमा ट्रफी प्राप्त गर्ने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले जनाएको छ ।

# खस्कियो टी–२० वरीयता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली क्रिकेट टोलीको आइसिसी ट्वान्टी-२० वरियता खस्किएको छ । नेपाल एक स्थान तल झर्दै १८औं स्थानमा पुगेको हो । नेपाल आफूभन्दा तल्लो वरियतामा रहेको कुवेतसँग तीन रनले पराजित हुँदै हङकङमा यसै साता सम्पन्न चार देशीय ट्वान्टी-२० शृंखलाको उपाधिबाट बञ्चित भएको थियो ।

नेपालको रेटिङ प्वाइन्ट १६९ छ । एसोसिएट राष्ट्रमा नेपाल भन्दा अगाडि स्कटल्यान्ड, नेदरल्यान्ड्स, नामिबिया, युएई र अमेरिका १३औं देखि १७औं स्थानमा छन् ।




भारत वरियताको शीर्ष स्थानमा कायम छ । यसैगरी अस्ट्रेलिया, इङ्ल्यान्ड, न्युजिलयान्ड, वेस्ट इन्डिज, दक्षिण अफ्रिका, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान क्रशमः दोस्रोदेखि १०औं स्थानमा छन् । यता अलराउन्डको वरियतामा दीपेन्द्रसिंह ऐरी एक स्थान खस्किदै तेस्रो स्थानमा पुगेका छन् ।

यस्तै ब्याटिङ वरियतामा दीपेन्द्र ५६, कप्तान रोहितकुमार पौडेल ६६, आसिफ शेख ७० र कुशल भुर्तेल ९५औं स्थानमा छन् । दीपेन्द्र र रोहित चार स्थान खस्किदा आसिफ र कुशलको वरियताकम कुनै परिवर्तन भएको छैन । बलिङतर्फको वरियातामा दीपेन्द्र ७८ र सोमपाल कामी ९६औं स्थामा छन् । दीपेन्द्र १३ र सोमपाल ९ स्थान खस्किएका हुन् ।

**एनएसएल फुटबल**

# चितवन प्लेअफमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** लिग चरणको अन्तिम खेलमा धनगढी एफसीलाई पराजित गर्दै एफसी चितवन नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगिताको प्ले अफमा पुगेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बिहीबार भएको खेलमा धनगढी एफसी विरुद्ध ३-१ को उत्कृष्ट पुनरागमन जित निकाल्दै एफसी चितवन पहिलो पटक नेपाल सुपर लिगको प्ले अफमा प्रवेश गरेको हो ।

चितवनको जितमा नेदिर माझ्लोनोभ र जय गुरुङले गोल गर्दा एक गोल आत्मघाती भएको थियो । यता धनगढीका लागि जर्जप्रिन्स कार्कीले गोल गरे । खेलको सातौं मिनेटमा जर्जप्रिन्सको गोलमार्फत धनगढीले अग्रता लिएको थियो । नेदिरले खेलको १४औं मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै चितवनलाई बराबरीमा ल्याए । छिरिङ गुरुङको प्रहार बक्स भित्र धनगढीका रक्षक अशोक खवासको हातमा लागेपछि चितवनले पेनाल्टीमा अवसर पाएको थियो ।

पहिलो हाफको इन्जुरी समयमा जयले गोल गर्दा चितवन २-१ ले अगाडि बढ्यो । उनले छिरिङको क्रसलाई पोस्टको दिशा दिए । त्यसैगरी अमृत श्रेष्ठबाट खेलको ५४औं मिनेटमा आत्मघाती गोल हुन पुग्दा चिवतनले ३-१ को अग्रता लियो । भिक्टर मानसारेको क्रस अमृतको खुट्टामा लाग्दै गोलमा परिणत भएको थियो ।

जितसँगै ६ खेलमा १० अङ्क जोडेको चितवन तेस्रो तथा पहिलो हार बेहोरेको धनगढी समान खेलबाट ११ अङ्कका साथ दोस्रो स्थानमा रहे । चितवनको यो जितसँगै काठमाडौं रेजर्सको यात्रा भने लिग चरणमै सिमित बनेको छ । चौथो स्थानमा रहेको पोखरा थन्डर्ससँग समान आठ अंक रहे पनि काठमाडौं गोल अन्तरमा पछि पर्‍यो ।

अब पहिलो क्वालिफायरमा ललितपुर सिटी एफसी र धनगढी तथा एलिमिनेटरमा चितवन र पोखरा भिड्नेछन् ।

# प्यालेस्टिनी बालकको तस्बिर विश्व प्रेस फोटो अफ द इयर

**द हेग (नेदरल्यान्ड्स)–** गाजामा इजरायली आक्रमणमा दुवै हात गुमाएका एक युवा प्यालेस्टिनी बालकको तस्बिरलाई बिहीबार वर्ल्ड प्रेस फोटो अफ द इयरका रूपमा सम्मानित गरिएको छ । द न्युयोर्क टाइम्सका लागि कतारस्थित प्यालेस्टिनी फोटोग्राफर समर अबु इलुफले खिचेको फोटोमा नौ वर्षीय महमुद अजजोरको हात दुवै काँधमुनि हराइरहेको देखाइएको छ ।



'महमुदकी आमाले मलाई बताएकी सबैभन्दा कठिन कुरामध्ये एउटा के थियो भने जब महमुदलाई पहिलो पटक आफ्नो हात काटिएको महसुस भयो,' उनले आमालाई भनेको पहिलो वाक्य थियो, 'म तपाईंलाई कसरी अँगालो हाल्न सक्छु ?', विश्व प्रेस फोटो संगठनले जारी गरेको विज्ञप्तिमा अबु इलुफले भनेका छन् ।

प्रतिष्ठित फोटो पत्रकारिताको ६८औँ संस्करणको विजेता एक सय ४१ देशका तीन हजार सात सय ७८ फोटोग्राफरले पेस गरेको ५९ हजार तीन सय २० प्रविष्टिबाट चयन गरिएको थियो । 'यो एउटा शान्त फोटो हो जसले चर्को स्वरमा बोल्छ । यसले एउटा केटाको कथा बताउँछ, तर व्यापक युद्धको पनि जसले पुस्तौँसम्म प्रभाव पार्नेछ', वर्ल्ड प्रेस फोटोका कार्यकारी निर्देशक जौमाना एल जेइन खोरीले भनेका छन् ।

सन् २०२४ मार्चमा इजरायली आक्रमणबाट भाग्दा अजजोर घाइते भएको सङ्गठनले एक विज्ञप्तिमा जनाएको छ । 'उनी आफ्नो परिवारलाई अगाडि बढ्न आग्रह गर्न फर्किएपछि, एउटा विस्फोटले उनको एउटा हात काटिदियो र अर्कोलाई क्षतविक्षत पारिदियो', वर्ल्ड प्रेस फोटो साइटेसनले भनेको छ ।

'यस युवा बालकको जीवन बुझिने योग्य छ र यो तस्बिरले महान फोटोपत्रकारिताले के गर्न सक्छ भन्ने देखाउँछ : एक जटिल कथामा तहगत प्रवेश विन्दु प्रदान गर्ने र त्यो कथासँगको भेटलाई लम्ब्याउने प्रोत्साहन', निर्णायक समितिकी अध्यक्ष लुसी कोन्टिसेल्लोले भनिन् । कोन्टिसेल्लो फ्रान्सेली पत्रिका ले मोन्डेको साप्ताहिक पत्रिकाकी फोटोग्राफी निर्देशक हुन् ।

विजेता फोटोग्राफर अबु इलुफलाई सन् २०२३ डिसेम्बरमा गाजाबाट निकालिएको थियो र उनी अहिले कतारको राजधानी दोहामा अजजोर बस्ने उही अपार्टमेन्ट कम्प्लेक्समा बस्छन् । इजरायलले हमासको सन् २०२३ अक्टोबर ७ को आक्रमणपछि गाजामा विनाशकारी आक्रमण सुरु गरेको थियो । अक्टोबर ७ मा हजारौँ लडाकूले गाजाबाट दक्षिणी इजरायलमा आक्रमण गरेका थिए । आक्रमणमा अधिकांश सर्वसाधारणहित करिब एक हजार दुई सय मानिस मारिएका थिए भने लडाकूहरूले दुई सय ५१ जनालाई अपहरण गरेका थिए ।

गाजाको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ५१ हजारभन्दा बढी प्यालेस्टिनी मारिएको बताएको छ । यसले नागरिक र उग्रवादीहरू बीचको भिन्नता देखाउँदैन तर मृतकहरूमध्ये आधाभन्दा बढी महिला र बालबालिका थिए । तिनमा कम्तीमा एक वर्षमुनिका आठ सय ७६ शिशु थिए । मन्त्रालयले एक लाख १६ हजारभन्दा बढी मानिस घाइते भएको बताएको छ ।

हमासले आवासीय क्षेत्र र नागरिक भवनहरूबाट आक्रमण र अन्य सैन्य गतिविधिहरू गरेको भन्दै इजरायलले भारी नागरिक क्षतिका लागि हमासलाई दोष दिन्छ । प्रतियोगिताका आयोजकहरूले आप्रवासन र जलवायु परिवर्तनका मुद्दाहरूलाई प्रकाश पार्ने दुई वर्ल्ड प्रेस फोटो फाइनलिस्टहरूको नाम पनि राखेका छन् ।

गेट्टी इमेजेजका लागि जोन मुरद्वारा खिचिएको कालो फोटोमा चिनियाँ आप्रवासीहरूले अमेरिका-मेक्सिको सीमा पार गरेपछि आफूलाई तताइरहेको देखाइएको छ भने मुसुक नोल्टेको पानोस पिक्चर्स, बर्था फाउन्डेसनका लागि खिचेको एक तस्बिरले ब्राजिलको अमेजन बेसिन क्षेत्रमा सुकेको नदी किनारामा खाना बोकिरहेको एक युवकलाई देखाइएको छ ।

वर्ल्ड प्रेस फोटो फाउन्डेसनले पहिले घोषणा गरेको क्षेत्रीय परिणामहरूमा एसोसिएटेड प्रेस एसिया-प्रशान्त र ओसिनिया क्षेत्रका विजेताहरूमध्ये एक थियो । फोटोग्राफर जे सी हङले कोरिया एडपसन फ्रड शीर्षकको तस्बिरका साथ एकल वर्गमा जित हासिल गरेका थिए भने नोएल सेलिसले फिलिपिन्सबाट फोर स्टर्म, १२ डेज शीर्षकको फोटोका लागि स्टोरिज वर्गमा जित हासिल गरे । *रासस⁄एपी*

# साउदी राजदूतलाई बंगलादेशी मोडलको 'ब्ल्याकमेल'

**ढाका–** यस महिना पक्राउ परेकी एक पूर्व सुन्दरी (ब्युटी क्विन) ले पूर्व साउदी राजदूतबाट ५० लाख डलर जबरजस्ती उठाउने प्रयासमा हनी-ट्र्याप गर्ने कोशिश गरेको बंगलादेश प्रहरीले बिहीबार बताएको छ । तीस वर्षीया मेघना आलमलाई सुरुमा यस दक्षिण एसियाली राष्ट्रको विवादास्पद कानूनअन्तर्गत कुनै आरोपबिना पक्राउ गरिएको थियो । उक्त कानूनले संदिग्धहरूलाई अनिश्चितकालका लागि हिरासतमा राख्न अनुमति दिन्छ ।

प्रहरी प्रवक्ता मुहम्मद तालेबुर रहमानले आलमलाई अब कथित ब्ल्याकमेल योजनामा जबरजस्ती वसूलीको आरोप लगाइएको बताए । अर्का एकजना वरिष्ठ प्रहरी अधिकारीले नाम नछाप्ने सर्तमा एएफपीलाई आलम र अन्यले कूटनीतिज्ञलाई पैसा हस्तान्तरण गर्न बाध्य पार्ने योजना बनाएको बताए ।

'बंगलादेशमा साउदी अरबमा प्रवासी कामदारहरूको सफ्या सबैभन्दा बढी छ । सरकार कूटनीतिक सम्बन्धलाई खतरामा पार्न चाहँदैन', अधिकारीले भने । साउदी अरब बंगलादेशलाई आर्थिक र मानवीय सहायताको निरन्तर दाता हो र यसका २० लाखभन्दा बढी बङ्गलादेशी कामदारहरू राज्यमा विदेशी मजदुरहरूको सबैभन्दा ठूलो समूह हो ।

आलम बिहीबार अदालतको सुनुवाइका क्रममा कानूनी सल्लाह बिना उपस्थित भएकी थिइन् र उनले आफ्नो गिरफ्तारी रद्द गर्न आग्रह गर्दै उनीविरुद्ध लगाइएका आरोपलाई अस्वीकार गरिन् । डेली स्टार अखबारले आलमलाई कूटनीतिज्ञले सम्पर्क गरेको भन्दै रिपोर्ट गरेको थियो । कूटनीतिज्ञले उनलाई सम्बन्ध सुरु गर्न आग्रह गरेका थिए । उनका बुबा बदरुल आलमले पनि 'राजदूत र मेघना सम्बन्धमा थिए' भनेका छन्, 'मेरी छोरीले उनको विवाह प्रस्ताव अस्वीकार गरिन् किनकि उनको पहिले नै श्रीमती र बच्चाहरू छन् ।' ढाकास्थित साउदी दूतावासले बिहीबार प्रश्नहरूको जवाफ दिएन ।

अप्रिल ९ मा आलमको गिरफ्तारीपछि मिस अर्थ बंगलादेश सौन्दर्य प्रतियोगिताको पूर्व विजेता मोडललाई 'राज्यको सुरक्षामा बाधा पुर्‍याएको' र 'देशको आर्थिक हितमा पूर्वाग्रह राखेको' आरोप लगाइएको प्रहरीले जनाएको छ ।

विशेष अधिकार ऐनअन्तर्गत उनको नजरबन्दको अधिकार समूहहरूले आलोचना गरेका थिए । 'हामी अधिकारीहरूलाई या त मेघनालाई अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त अपराधको आरोप लगाउन वा उनलाई रिहा गर्न आह्वान गर्दछौँ', एम्नेस्टी इन्टर नेसनलले शुक्रबार सामाजिक सञ्जाल प्लेटफर्म एक्समा लेखेको छ । *एएफपी*

# म्याक्रौँले रुबियो र विटकोफसँग पेरिसमा युक्रेन युद्धबारे छलफल गर्ने

**पेरिस–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले युक्रेनमा युद्धविराम गर्ने विषयमा अमेरिकी उच्च कूटनीतिज्ञसँग बिहीबार पेरिसमा भेटवार्ता गर्ने भएका छन् । युक्रेनीसेना प्रमुखले बिहीबार युक्रेनका उच्च अधिकारीहरू पनि युरोपेली सङ्घ र अमेरिकी प्रतिनिधिमण्डललाई भेट्न फ्रान्सको राजधानी पेरिसमा रहेको बताएका छन् ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियो र अमेरिकी राजदूत स्टिभ विटकोफले युद्ध चाँडै अन्त्य गर्ने प्रतिबद्धता जनाए पनि युद्धविरामकोको प्रयासले सफलता नपाएपछि अमेरिकी अधिकारीहरू फ्रान्सको राजधानी पेरिसमा आइपुगेका हुन् । युक्रेनको सुमी र क्रिभी रिग सहरमा हालै भएको रुसको हवाई आक्रमणमा थुप्रै बालबालिकासहित दर्जनौँ व्यक्तिको मृत्यु भएको छ र यसले कूटनीतिक प्रयासको शृफ्लाका बावजुद युद्धले कसरी ठूलो क्षति व्यहोरिरहेको छ भन्ने देखाउँछ ।

युक्रेनको डेनिप्रो शहरमा बुधबार राति भएको रुसी ड्रोन आक्रमणमा एक बालिकासहित तीन जनाको मृत्यु भएको थियो । ट्रम्पले रुससँग प्रत्यक्ष वार्ताका लागि देखाएको तत्परताका कारण यस पहिले अमेरिकाका निकट सहयोगीका रूपमा रहेका कतिपय पश्चिमा राष्ट्रहरू चकित भएका थिए । म्याक्रौँले युक्रेनको रक्षाका लागि समन्वित युरोपेली प्रतिक्रिया सिर्जना गर्न नेतृत्व लिएका हुन् ।

युक्रेनका सेना प्रमुख एन्ड्री येर्माकले आफू विदेशमन्त्री एन्ड्री सिबिगा र रक्षामन्त्री रुस्तम उमरोभ फ्रान्स, जर्मनी, बेलायत र संयुक्त राज्य अमेरिकालाई भेट्न पेरिस पुगेको बताएका छन् । फ्रान्सका एक कूटनीतिक स्रोतका अनुसार यसअघि रुबियो र फ्रान्सका विदेशमन्त्री जाँ नोएल बारोटबीच युक्रेनको युद्ध, मध्यपूर्वको अवस्था र इरानी आणविक फाइलबारे छलफल हुने बताइएको थियो । पदभार ग्रहण गरेयता रुबियोको यो तेस्रो युरोप भ्रमण हो । पुटिनसँगको तेस्रो भेटको केही दिनपछि सोमबार विटकोफले शान्ति सम्झौता 'उदीयमान' भएको देखेको बताएका थिए ।

तेहरानको आणविक कार्यक्रमबारे अमेरिका र इरानबीच शनिबार ओमानमा भएको छलफलपछि पेरिस वार्ता भएको हो ।अर्को चरणको खेल अप्रिल १९ मा ओमानमा हुनेछ ।फ्रान्सका रक्षामन्त्री सेबास्टियन लेकोर्नू बिहीबार वासिङ्टन जाने कार्यक्रम छ । उनको युक्रेन, इरान र गाजालगायत विभिन्न विषयमा वार्ताका लागि अमेरिकी रक्षामन्त्री पिट हेगसेठसँग भेटवार्ता गर्ने कार्यक्रम छ । *रासस⁄एएफपी*


**Invitation for Sealed Quatation**

**Nisdi Rural Municipality**

**Invitation for Bids No.: NRM/WORKS/SQ/2081/82-05**

**Date of publication 17-04-2025 18:00**

1. **Nisdi Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of **Purano khadar Ward Bhawan Nisdi-03 Palpa.**
   **The Estimated amount for the works is Rs. (in NRs) 8,60,861.87 (Exclusive of VAT and Contingencies)**
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of **Nisdi Rural Municipality, Palpa, Lumbini Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.**
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp.** Bidders, submitting their bid electronically, should deposit the cost **(NRs.1000)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidder should deposit bid security amount on following bank details:
   **Name of the Bank: Laxmi Sunrise Bank Ltd.** **Name of Office: Nisdi Rural Municipality**
   **Office Code no: 8010550045** **Office Account no: 0870560818703006**
   **Rajaswa (revenue) Shirshak no.: NISDI GAUNPALIKA GA 1.1 ANTARIK RAJASHOW KHATA**
   Note: Bidder's can submit their voucher by Website Inland Revenue Department (आन्तरिक राजश्व बिभाग)
4. Pre-bid meeting shall be held at **Nisdi Rural Municipality Palpa, Lumbini Province Nepal at 28-04-2025, 13:00 hours.**
5. Electronic bids must be submitted to the office **Nisdi Rural Municipality, Palpa, Lumbini Province, Nepal** through PPMO website **www.bolpatra.gov.np/egp** on or before **02-05-2025 12:00.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **02-05-2025 12:05 at the Office of Nisdi Rural Municipality Palpa, Lumbini Province Nepal.**
7. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 27000.0, which shall be valid for **30 days** beyond the validity period of the bid or bidder may deposit bid security amount on following bank details:
   **Name of the Bank: Laxmi Sunrise Bank Ltd.** **Name of Office:Nisdi Rural Municipality**
   **Office Account No: 0870560818703003**
   **Account Name: NISDI GAUNPALIKA GA 3.1 STHANIYA TAHA DHARAUTI KHATA**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**Shree Siddhanath Secondary School**

**Musepani, Bedkot-06, kanchanpur**

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८२/०१/०५)**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का संकेत न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | SSSC/NCB/BW/081/82-01, Construction of 2-Storey-4-Room Building of Shree Siddhanath Secondary School, Musepani, Bedkot-06, Kanchanpur | Aarohi Construction, Bheemdatt Ward no.2 Maholiya, Kanchanpur | NRS. 48,66,157.43 | |



**कुवेतमा रोजगार** कम्पनी : AL- KHASHAB FOOD GROUP CO. RESTAURANT MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 321937 | चलानी नं. ६०२३६१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 15 | 0 | 130 | ५३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bartender | 20 | 20 | 130 | ७१,०७० | | | | | | | |
| 3 | kitchen helper/general labour | 20 | 0 | 120 | ४२,६४५ | | | | | | | |
| 4 | Stewards | 15 | 0 | 110 | ५३,३०५ | | | | | | | |
| 5 | Waiter | 20 | 0 | 130 | ६३,९६५ | | | | | | | |
| 6 | WAITERESS | 0 | 20 | 130 | ४२,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

Al Noor Overseas Pvt. Ltd

Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824

E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



**युएइमा रोजगार** कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 316320 | चलानी नं. ६०२३०५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 16 | 0 | 800 | ३३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gardener Helper | 19 | 0 | 900 | ३३,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 498/061/62

KOSHI INTERNATIONAL SERVICES PVT. LTD.

Koshi Villa, Furtiman Marga, Bishalnagar (Near Finland Embassy), KMC-4, T: 977-1-4423603/4423604, Mob: 984-1376648, 9851041549, Email:- koshi.labourdesk@gmail.com, Web: www.Koshiinternational.com



**साउदीमा रोजगार** कम्पनी : Awj International for Contracting - One-Person Company

पूर्व स्वीकृति मिति : २०८२/०१/०२ | LT. No. 322005 | चलानी नं. ६०२३६११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६५,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६५,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १४ गते (27th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd. — श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com



**युएइ/साउदीमा रोजगार** कम्पनी : AL GEEMI CONTRACTING COMPANY L.L.C. — शेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 321987 | चलानी नं. ६०२३६११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Carpenter | 10 | 0 | 1200 | ४४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Operator | 80 | 0 | 1500 | ५५,८८५ | | | | | | | |
| 3 | Stone Mason | 10 | 0 | 1200 | ४४,७१० | | | | | | | |

कम्पनी : Branch of Sinopec Tenth Construction Company Limited — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/०३ | LT. No. 322073 | चलानी नं.६०२३६१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1200 | ४३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



**युएइमा रोजगार** कम्पनी : FAST BLDG. CONT. CO. LLC.

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 315295 | चलानी नं. ६०२२९५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technicians | 10 | 0 | 1400 | ५१,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 25 | 0 | 1200 | ४४,३३५ | | | | | | | |
| 3 | Labour | 27 | 0 | 900 | ३३,२५० | | | | | | | |
| 4 | Masion | 25 | 0 | 1200 | ४४,३३५ | | | | | | | |
| 5 | Suttering Carpenter | 24 | 0 | 1200 | ४४,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १२ गते (25th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com



**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्टाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १९०६०० | प्रति तोला – ० | प्रति तोला – १९६० |



**क्षतिको निरिक्षण** | **नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य बिहीबार धनुषाको ढल्केबर ग्रीडको निरीक्षण गर्दै । उक्त ग्रीडमा बुधबार आगलागी हुँदा दुई दिनदेखि धनुषा र महोत्तरीको लाइन अवरुद्ध छ ।** *तस्बिरः निरञ्जनकुमार साह/रासस*

# कोरलानाकामा बढ्यो चहलपहल

■ सुन्दरकुमार थकाली

**मुस्ताङ–** नेपाल-चीन उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रको नेपाली भूमिमा करिब एक दर्जन स्थानीय व्यापारीले नेपाली तथा चिनियाँ सामानको पसल सञ्चालन गरिरहेका छन् । सीमावर्ती गाउँपालिका लोमान्थाङ-२ र १ वडाकासाना व्यापारीले समुन्द्री सतहको चार हजार ६१० मिटरको अग्लो उचाइ कोरलापासमा बसेर नेपाली तथा चिनियाँ सामानको बिक्री गर्न पसल सञ्चालन गरेका हुन् ।

विसं २०८० को कात्तिक २७ गतेदेखि नेपाल-चीन कोरलानाका खुलेपछि सीमावर्ती क्षेत्र छोसेरका स्थानीय तथा साना व्यापारीहरू कोरलानाकामा पसल र रेष्टुरेन्ट चलाएर बस्न थालेका लोमान्थाङ-२ छोसेरका युवा पासाङ वाङ्दीले बताए । कोरला नाका अवलोकनका लागि यहाँ पुग्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई स्थानीयस्तरमा उत्पादित सामाग्रीका साथै चिनियाँ सामान बिक्री गरेर आम्दानी गरिरहेको उनको भनाइ छ ।

'कतिपयले नाकामा पुगेका पर्यटकलाई खाजानास्ता र चियाकफी समेत बनाएर खुवाउँछन् । नाकामा एक दर्जन व्यापारीले त्रिपाल टाँगेर व्यापार गर्दै आइरहेका छन् । कोरलानाका अग्लो सुक्खा पठार भूमि दशगजा क्षेत्रमा त्रिपालमुनि बसेर व्यापर गरिरहेका छौं । बिहान उठ्ने बित्तिकै रेष्टुरेन्ट व्यवसायसँगै चिनियाँ पसलमा व्यापार सुरु हुन्छ । साँझ बिक्री गर्न राखिएका सबै सामान त्रिपालमुनि लगेर थन्क्याउँछौं । यसरी हाम्रो दैनिकी चलेको छ', वाङ्दीले भने ।

उनले आफू पनि यहाँ व्यापार गर्न स्टल थापेर बसेको बताए । दुई महिनादेखि कोरलापासमा व्यापार गर्न बसेका पासाङले चिनियाँ व्यापार सन्तोषजनक रहेको उल्लेख गरे । दैनिक बिहान ९ बजे कोरलानाकाको तिब्बती भूमि लिग्चेमा पुगेर चिनियाँ सामान किनेर दिउँसो २ बजे फर्किने गरेका लोमान्थाङ-१ छोसेरकी लाक्पाछेसुङ गुरुङले उल्लेख गरिन् । चीनले बिहान ९ बजे चीनतर्फको नाका छिरेर दिउँसो २ बजेपछि मात्रै फर्किने नियम रहेको उनले जानकारी दिइन् । दजगजा क्षेत्रबाट चीनको भूमि लिग्चेसम्मको करिब ३०० मिटर दूरी रहेको भन्दै त्यहाँबाट आफैंले बोकेर सामान ल्याउनुपर्ने उनले सुनाइन् ।



गुरुङले चीनको नाका प्रवेश गरेर जान सरकारले वितरण गरेको सीमापार पास देखाएर मात्रै जान पाइने उल्लेख गरे । 'गाउँका धेरैजसो युवा विदेश गइसके, म भने यही नाकामा पसल चलाएर बसेकी छु', उनले भनिन्, 'दैनिक रु छ-सात हजारको व्यापार हुन्छ, फाइदा रु दुई-तीन हजार हुन्छ ।'

गुरुङले कोरलानाकामा नेपाली पर्यटक आउने क्रम बढ्दै जान थालेको बताइन् । नाका खुलेपछि बर्खायामभरि नाकामा त्रिपालमुनि बसेर दिउँसो चिनियाँ सामग्रीको पसल चलाएको बताउँदै उनले भनिन्, 'हिउँदयाममा चिसो हुन्छ, पर्यटक पनि आउँदैनन्, यसैले जाडो महिनामा पोखरा झरेर व्यापार गर्ने गरेकी छु । घरायसी प्रयोजनबाहेक यहाँको सामान तल लैजान पाइँदैन, भन्सारले रोकिदिन्छ, यसैले पनि दुईचार पैसा आम्दानी होला कि भनेर यहाँ बसेकी हुँ ।'

कोरलानाकामा बसेर व्यापार गर्न उत्तिकै चुनौतीपूर्ण छ । पठार सुक्खा अग्लो स्थानमा लामो समय बसेर व्यापार गर्दा लेक लाग्ने समस्या हुने गुरुङले बताइन् । नाका अवलोकनका लागि पुगेका कतिपय पर्यटकलाई लेक लागेर बिरामी हुने गरेका बताउँदै सरकारले कोरलानाका खुलाए पनि आवश्यक वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण नहुँदा यहाँ बसेका व्यापारी तथा पर्यटकलाई स्वास्थ्यमा समस्या हुने गरेको उनले उल्लेख गरिन् ।

नाकामा खानेपानी र भरपर्दो शौचालय नहुँदा व्यापारी तथा पर्यटकले सास्ती भोग्नु परेको व्यापारीहरू बताउँछन् । नाकामा व्यापार गर्न बसेका व्यापारीलाई चीन सरकारले खानेपानीको सुविधा उपलब्ध गराएको गुरुङले जानकारी दिइन् ।

कोरलानाकामा कमजोर संरचनाको अस्थायी शौचालय निर्माण गरिए पनि त्यो भरपर्दो नभएको व्यापारीहरू सुनाउँछन् । नाकामा चीनको सामान ल्याएर बिक्री गर्ने स्थान रहे पनि खुल्ला पठारमा स्टल राख्दा हावा, धुवाँ र धुलोको समस्याले स्वास्थ्य समस्या हुने गरेको उनीहरूको भनाइ छ । पर्यटकले जथाभावी फोहोर फाल्ने तथा व्यापारी फोहोर व्यवस्थापन गर्न नसक्दा सीमानाका दुर्गन्धित तथा प्रदूषित बन्ने गरेको छ । नेपाल–चीन उत्तरी कोरलानाका उपल्लो मुस्ताङका दुई पालिकाका लागि खुलेपछि हालसम्म तीन हजार बढीले चीन प्रस्थान गर्ने सीमापार पास पाइसकेका छन् । उपल्लो मुस्ताङका नागरिकका लागि घरायसी सामान किनमेल गर्न खुलेको यो नाकाबाट व्यापारी प्रयोजनका लागि नेपाली तथा चिनियाँ सामान आयात, निर्यात गर्न पाँच महिनादेखि पूर्ण रूपमा प्रतिबन्ध लगाइएको लोमान्थाङ-२ छोसेरका वडाध्यक्ष कर्मानाम्ग्याल गुरुङले जानकारी दिए ।

नाकाबाट भन्सारले सामान ल्याएर बिक्रीवितरण गर्न नदिएपछि कतिपयको रोजीरोटी खोसिएको उनले बताए । वडाध्यक्ष गुरुङले नाका खुल्ला भयो भनेर मात्रै नहुने भन्दै त्यसका लागि सरकारले भन्सार सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरेर आयात, निर्यातलाई सहज बनाइदिनुपर्नेमा जोड दिए ।

नेपाल-चीन कोरलानाकास्थित न्हेचुङ भन्सारले स्थानीय व्यापारीलाई व्यापारिक प्रयोजनका लागि सामान ल्याउन नदिएपछि आफूहरू अप्ठ्यारोमा परेको लोमान्थाङ-३ ठिङ्गरका साना व्यापारी कर्माम्टुक गुरुङले दुःखेसो पोखे । कोभिड सङ्क्रमणकालमा लगातार चार वर्षसम्म बन्द रहेको कोरलानाका खुले पनि उपल्लो मुस्ताङका नागरिकलाई खासै सुविधा प्राप्त नभएको यस क्षेत्रका नागरिकको गुनासो छ ।

नाका खुलेको डेढ वर्ष पुग्दा गत पुसदेखि न्हेचुङ भन्सार कार्यालयले राजस्व संकलन गर्न छाडेको छ । केही महिनाअघि उपल्लो मुस्ताङका एक व्यक्तिले अवैध रूपमा ठूलो परिमाणमा विद्युतीय चुरोट 'भेप' आयात गरेपछि मुस्ताङ प्रहरीले नियन्त्रणमा लिएर कारबाही गरेको थियो । त्यसपछि भन्सार कार्यालयले चीनबाट सामान ल्याएर बिक्रीवितरण गर्ने कार्यलाई प्रतिबन्ध गरेको वडाध्यक्ष गुरुङले जानकारी दिए ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले कोरलानाकाबाट सामान ल्याएर बिक्री गर्ने कार्यमा परेको कानुनी जटिलता र अप्ठ्याराहरूको समाधान खोज्न सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाए । –*रासस*

# सोलुको थामेमा आरोही सम्मेलन

**काठमाडौं (प्रस)–** सोलुखुम्बुको थामेमा यही वैशाख ९ गते आरोही सम्मेलन (समिर्टस् समिट) हुने भएको छ । 'जलवायु न्यायका लागि साथसाथै' संस्थाले आयोजना गर्न लागेको उक्त सम्मेलनमा आरोही, जलवायु र पर्यटन विज्ञ एवं सरकारी तहबीच समूहगत छलफल हुने बताइएको छ ।

साथै सरकारले गर्न लागेको सगरमाथा संवाद कार्यक्रममा उक्त आरोही सम्मेलन जोडिएको छ । सम्मेलनलाई आज सगरमाथा संवाद सचिवालयले प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी सञ्चालन गर्न स्वीकृत दिएको छ । साथसाथैका अध्यक्ष प्रजिता कार्कीले कार्यक्रमका लागि सरोकारवाला संघसंस्थासहित सरकारले पनि अपनत्व लिएकोमा उत्साहित भएको बताइन् । सम्मेलनमा सगरमाथा आरोही कतारकी राजकुमारी आस्मा अल थानी, चर्चित आरोहीहरू कामारिता शेर्पा, मिङ्मा डेभिड शेर्पा, तेम्बाछिरी शेर्पा, माया गुरुङसहितलगायतको सहभागिता हुने उनले जानकारी दिइन् ।

आरोही सम्मेलनमा जलवायु परिवर्तनका कारण गत वर्ष थामेमा हिमपहिरो गई समस्यामा परेका पीडितको सहभागिता रहने आयोजकले जनाएको छ । यो कार्यक्रममा नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण सङ्घ, टेवा, नेप्लीज युथ फर क्लाइमेट एक्सन (एनवाईसिए) सहितका सङ्घसंस्था सहआयोजकका रूपमा छन् । नेपाल सरकारले यही जेठ २ देखि ४ गतेसम्म जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य शीर्षकमा विभिन्न देशको सहभागिता हुने गरी सगरमाथा संवाद आयोजना गर्दैछ ।

# विश्वभरका नेपाली सेफ काठमाडौंमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** विश्वभरका नेपाली सेफहरू काठमाडौंमा भेला भएका छन् । अन्तर ाष्ट्रिय सेफ सोसाइटीको आयोजनामा राजधानीको भृकुटीमण्डपमा आयोजित फुड फेस्टिभलमा सहभागी हुन उनीहरू काठमाडौं आएका हुन् । बुधबारसम्म दर्जनौं सेफहरू आइसकेको र यो क्रम जारी नै रहेको बताइएको छ ।

नेपाली सेफहरूको व्यक्तित्व विकास तथा नेपाली खानाको स्तरोन्नतिका लागि भन्दै सोसाइटीले वैशाख ६ गते भृकुटीमण्डपमा फुड फेस्टिभल गर्न लागेको हो । त्यसका लागि आवश्यक सबै तयारी अन्तिम चरणमा पुगेको सोसाइटीका संयोजक अरुण अधिकारीले जानकारी दिए । उनले कार्यक्रमलाई सेफहरूको कुम्भमेलाको रूपमा चित्रित गर्दै सोहीअनुसार विश्वभरबाट करिब ५०० हाराहारीका सेफहरू नेपाल आउने अपेक्षा गरिएको दाबी गरे ।

विश्वका विभिन्न विश्व चर्चितसहितका होटलहरूमा नेपाली सेफहरू कार्यरत रहेका छन् । आफ्नो पाककलाबाट आफूलाई अब्बल साबित भइसकेका उनीहरू यहाँ भेला भएर नेपालमा पाककलाको प्रवर्द्धनमा भूमिका खेल्ने बताइएको छ । फेस्टिभलअघि बिहीबार अन्तर कलेज कुकिङ कम्पिटिसन समेत गर्ने तय भएको छ । यस्तै ६ गतेको कार्यक्रममा विभिन्न राष्ट्रिय कलाकारको




प्रस्तुतिका साथै कुकहरूले आफ्नो कला कौशल प्रदान गर्नुका साथै विश्वभरका उत्कृष्ट नेपाली सेफहरूलाई अवार्ड समेत प्रदान गर्ने तय भएको छ । अधिकारीका अनुसार कार्यक्रमको उद्घाटन पर्यटन मन्त्री बद्री पाण्डेले गर्ने तय भएको छ । अहिले सेफ सोसाइटी कार्यक्रमलाई सभ्य र भव्य बनाउन लागिपरेको भन्दै उनले त्यहाँ रहने विभिन्न परिकारका स्टलहरू अवलोकन गर्न सबैसँग अनुरोध गरे ।

अधिकारीका अनुसार सोसाइटीको शाखा ३८ देशमा शाखा रहेको छ भने जसमध्ये १६ वटा देशहरूमा कमिटी बनिसकेको र बाँकी देशहरूमा टिम विस्तारको काम भइरहेको छ । उनका अनुसार २०१८ मा सेफ सोसाइटी युएईबाट सुरु भएको थियो । नेपाली सेफ सोसाइटीका अध्यक्ष एलबी कौशलका अनुसार नेपालको कानुनअनुसार समेत सोसाइटी दर्तामा छ । अन्तर्राष्ट्रिय नाम राख्न नेपाली कानुनले नदिएकाले अहिले नेपाली सेफ सोसाइटीको नाममा संस्था दर्ता भएको बताए । अन्तर्राष्ट्रिय सेफ सोसाइटी या नेपाली सेफ सोसाइटी सबै एउटै अंग भएको बताए ।

सोसाइटी पाककला क्षेत्रको विश्वव्यापी बजारीकरण गर्ने उद्देश्यले स्थापना गरिएका संस्था हो । हालसम्म यसमा ३५ हजार भन्दा बढी नेपाली सेफहरू स्वदेश तथा विदेशमा कार्यरत रहेको दाबी गरिएको छ । यस्तै संस्थामा ५ हजार भन्दा बढी सेफहरू संस्थागत सदस्य छन् ।

नेपालको पर्यटन प्रवर्द्धनका लागि आयोजित फुड फेस्टिभलबाट नेपाली सिस्नो र ढिँडोका साथै सबै नेपाली खानाको अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने उद्देश्य राखिएको छ । यस्तै नेपाली पर्यटन समेतको प्रवर्द्धन, नेपाली सेफहरूको सीप र क्षमताको प्रदर्शन, नेपाली कृषि उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्य राखिएको छ ।

फेस्टिभलमा ५० वटा स्टल, (४० वटा खानाका ५ वटा रैथाने बाली नालीको प्रदर्शन, ५ वटा पर्यटन जानकारी) रहनेछन् । खानाका स्टलमा विभिन्न जात जातिको खाना (नेवारी, थारु, राई लिम्बु, थकाली, आदि)को रहने अधिकारीले बताए । यस्तै मोमो, चाउमिन, सेलरोटी, खिर, हलुवा, पूवा, सिस्नोको सुप, दाल, तरकारी, अचार, ढिंडो सेट, मही, दही, घिउ, मह, मिठाई, अकबरे खुर्सानी, फलफूल, आदिको स्टल पनि रहनेछ ।

उसो त सेफ पेसालाई सम्मानित र मर्यादित बनाउन तथा यसको वृहद प्रचारप्रसार गर्ने समेत आफूहरूको उद्देश्य रहेको भन्दै उनले पहिलो पटक हुन लागेको यो वृहद कार्यक्रमलाई सफल बनाउन सबैको सहयोग रहनेमा आफू विश्वस्त रहेको बताए । सोही कार्यक्रमबाट अन्तर्राष्ट्रिय सेफ सोसाइटीको नयाँ कार्यसमिति समेत चयन गरिने बताइएको छ । हाल अधिकारी संयोजक रहेकामा पहिलो महाधिवेशनबाट नेतृत्वसहितको कार्यसमिति घोषणा गरिने बताइएको छ ।

# नौ महिनामा २ अर्ब ३५ करोड राजस्व

■ प्रभाव संवाददाता

**भद्रपुर (झापा)–** आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा रु दुई अर्ब ३५ करोड १४ लाख ४४ हजार राजस्व संकलन गरेको छ । उक्त रकम गत आव २०८०/८१ को सोही अवधिको तुलनामा आठ दशमलव २६ प्रतिशतले बढी हो । कार्यालयको तथ्यांकअनुसार गत आव २०८०/८१ को (साउन-चैत) महिनामा रु दुई अर्ब १७ करोड १९ लाख तीन हजार राजस्व संकलन भएको सूचना अधिकारी एवं कर अधिकृत डोरराज सुनुवारले जानकारी दिए । चालु आव २०८१/८२ मा रु चार अर्ब ६१ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेको उनले बताए ।

गत आवको भन्दा राजस्व संकलन बढेको भए पनि चालु आवको नौ महिनाको लक्ष्यको ८१ दशमलव ४५ प्रतिशत मात्र राजस्व संकलन भएको कर अधिकृत सुनुवारले बताए । कार्यालयले नौ महिनामा आयकरबाट रु एक अर्ब सात करोड ९४ लाख ९४ हजार, ब्याजबापत रु सात करोड १९ लाख ९४ हजार, मूल्य अभिवृद्धि करबापत रु ७६ करोड ७१ लाख नौ हजार, अन्तःशुल्कबापत रु ३९ करोड ९७ लाख ६७ हजार राजस्व संकलन गरेको छ ।


यसैगरी आयकर र मूल्य अभिवृद्धि कर नतिर्ने विभिन्न ११ वटा फर्म तथा कम्पनीहरूलाई कारबाही गरी रु एक करोड ७५ लाख असुल गरिएको कर अधिकृत सुनुवारले जानकारी दिए । 'कार्यालयले राजस्व संकलनको लक्ष्य हासिल गर्न निरन्तर बजार अनुगमन र निगरानी गरिरहेको छ । यसका साथै कर बक्यौता राख्ने करदाताको बैंक खाता रोक्का गर्ने, जग्गा रोक्का गर्नेलगायत कानुनी कारबाही पनि गरिएको छ', उनले भने ।

# २६ अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २६ दशमलव ४९ अंकले बढेर दुई हजार ७२२ दशमलव ७३ को विन्दुमा कायम भएको छ । तीन सय ११ कम्पनीको दुई करोड ३७ लाख ७३ हजार ७३१ कित्ता सेयर ९० हजार ५५५ पटक खरिदबिक्री हुँदा रू १० अर्ब ७९ करोड ७३ लाख ६३ हजार २८२ दशमलव ३२ को कारोबार भएको नेप्सेले जनाएको छ ।

साताको अन्तिम कारोबार दिन बजारसँगै कारोबार रकम पनि बढेको हो । एक सय ८७ कम्पनीको सेयर मूल्य बढ्दा ५९ कम्पनीको मूल्य घटेको छ । अघिल्लो दिन रू सात अर्ब २६ करोड ५१ लाख २२ हजार दुई सय ४१ बराबरको




कारोबार भएको थियो । व्यापार शून्य दशमलव १५ प्रतिशतले घटेको छ भने अन्य सबै समूहका परिसूचक बढेका छन् ।

कारोबारमा नेपाल माइक्रो इन्सोरेन्स कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । एनआएसी एसिया डिवेन्चरको सेयर मूल्य सबैभन्दा बढी चार दशमलव ७९ प्रतिशतले घटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ